# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

४५
पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।
–बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

१२ वर्ष

१ अङ्क

( इतिहास–प्रधान त्रैमासिक पत्रिका )

*सम्पादक–*

**महेशराज पन्त**

**दिनेशराज पन्त**

*प्रकाशक–*

**देवीप्रसाद भण्डारी**

(संशोधन–मण्डलद्वारा)

*सहयोगी–*

**रामजी तेवारी**

यस अङ्कको मूल्य रु. ८।

# विषयसूची

पृष्ठ


१. नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला – महेशराज पन्त, दिनेशराज पन्त १–२४

२. बाँच्नुको छ यति नै अब अर्थ – नयराज पन्त २४

३. वंशावलीको विषयमा भगवानलाल इन्द्राजीको विचार (१ परिशिष्ट) – महेशराज पन्त, दिनेशराज पन्त १–५

४. पाल्पाली राजा मुकुन्द सेनले नेपाल-खाल्डोमा गरेको हमलाको विषयमा विभिन्न ऐतिहासिकहरूको विचार (२ परिशिष्ट) – महेशराज पन्त, दिनेशराज पन्त ५–१८

   १. श्यामलदास ५–८
   २. अज्ञातनामा बङ्गाली ऐतिहासिक ८–९
   ३. सिल्भाँ लेभी ९–१३
   ४. अम्बिकाप्रसाद उपाध्याय १३–१६
   ५. पर्सिभल ल्याण्डन १७–१८


---

# संशोधन मण्डलका प्रकाशित कृति


१. पूर्णिमा १ देखि ४५ अङ्कसम्म १६३।५०

२. अभिलेख-सङ्ग्रह १ देखि १२ भागसम्म ७।५०

३. इतिहास-संशोधन १३।

४. सावधान-पत्र ६।

५. विद्या-रक्षा ६।

६. व्याकरण-संशोधन ३।५०

७. पञ्चाङ्ग-संशोधन ३।५०

(यी पुस्तक साझा प्रकाशनको केन्द्र र सबै शाखामा पाइन्छन्।)

८. बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर २।

९. पञ्चाङ्ग-संशोधन (१३–१५ सङ्ख्या) ।७५

१०. सावधान-पत्र (१८–३० सङ्ख्या) १०।

११. रत्नदीप (करणग्रन्थ) २।५०

१२. वृत्तशतक (प्रसिद्ध गणितज्ञ भास्कराचार्यका पिता महेश्वराचार्यले बनाएको मुहूर्तग्रन्थ) ३।



नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको
हमलाको प्रमाणवाक्य

( पूर्णिमा ४३ अङ्कको १५२ पृष्ठपछि )

# नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला

–महेशराज पन्त
दिनेशराज पन्त

## पाँच

स्थिति मल्लको उदय भएपछि नेपालखाल्डोमा बाहिरबाट हमला हुन छोड्यो भन्ने धारणा अब खण्डित हुन गएको छ। स्थिति मल्लको उदय भएपछि पनि नेपालखाल्डोमा बाहिरबाट हमला भएका थिए र ती हमला पनि स्थिति मल्लको उदय हुनुभन्दा अगाडि भएका डोय, खस र मुसलमानका हमला जस्तै भयङ्कर थिए भन्ने कुरो अब पत्ता लाग्न गएको छ। नेपालखाल्डोमा पछिल्लो पटक बाहिरबाट हमला भएको पौने दुइ सय वर्ष जतिपछि वि. सं. १५८१ मा र वि. सं. १५८२ मा पाल्पाबाट मुकुन्द सेनले नेपालखाल्डोमा भयङ्कर हमला गरेका थिए भन्ने कुरा अब थाहा हुन गएको छ।

ताडपत्रमा नेवारी लिपिमा लेखिएको धर्मशास्त्रविषयको एउटा पुस्तक केसरपुस्तकालयमा हस्तलिखित ग्रन्थसङ्ख्या ३६६ मा भएको कुरा सो पुस्तकालयको सूचीपत्रबाट बुझिन्छ। सो सूचीपत्र लेख्नेले ग्रन्थनाममा धर्मशास्त्र मात्र लेखेकाले उनले विषय छुट्ट्याए तापनि नाउँ किट्न नसकेको स्पष्ट हुन्छ।[६८]

ताडपत्रमा नेवारी लिपिमा लेखिएको नारदस्मृति सेसिल बेन्डलको सङ्ग्रहमा लन्डनमा आफूले देखेको कुरा युलिअस योल्लिले आफूले सम्पादन गरेको नारदस्मृतिको भूमिकामा लेखेका छन्। नारदस्मृतिको त्यस पुस्तकको समय ने. सं. ५२७ ( वि. सं. १४६४ ) छ भन्ने कुरा पनि

६८. केसरपुस्तकालयको टाइप गरिएको सूचीपत्रमा यस पुस्तकको परिचय यसरी दिइएको छ–

३६६ धर्मशास्त्र स्मृति नेवारी तार

यो धर्मशास्त्र पैले ऋणादानप्रकरण लेखेको छ बिचमा विवाहप्रकरण साक्षिप्रकरण देखिन्छ समाप्त छैन

त्यस पुस्तकको मुखपृष्ठमा नीलो मसीले यस्तो लेखिएको छ–

धर्मशास्त्र नेवारी भाषाटीकासमेत्को

योल्लिले त्यहाँ लेखेका छन् ।[६९] त्यस पुस्तकमा पुछारमा लेखिएका वाक्य पनि योल्लिले आफ्नो ग्रन्थमा दिएका छन् र ती वाक्य यस प्रकारका छन्–

इदमल्पधियां नृणां दुर्विज्ञेयं यथोदितम् ।
नारदोयं यदस्तीह न्यायशास्त्रं महार्थवत् ।।
तस्येयं लिख्यते टीका स्पष्टा नेपालभाषया ।
इमां विज्ञाय भूपाद्याश्चरन्तु न्यायवर्त्मना ।।

इति मानवे धर्मशास्त्रे नारदप्रोक्तायां संहितायां व्यवहारप्रकरणं नाम समाप्तम् ।

[ वि. सं. १९४२ मा कलकत्ताबाट एशियाटिक सोसाइटीद्वारा प्रकाशित युलिअस योल्लिको दि इन्स्टिटच्युट्स् अफ् नारद टुगेद्अर् विथ् कोपिअस् एक्सट्र्याक्ट्स् फ्रम् द नारदभाष्य अफ् असहाय यान्ड् अद्अर् स्टयान्डर्ड् कमएन्टरिज् ( असहायको नारद्भाष्य र अरू प्रामाणिक टीकाहरूबाट झिकिएका प्रशस्त उद्धरणसहित नारदस्मृति )को प्रिफेस् ( भूमिका ) का ६–७ पृष्ठबाट ]

[ ठूलो महत्त्व भएको नारदीय न्यायशास्त्र जुन यहाँ छ, यो कम बुद्धि भएका मानिसहरूको लागि भने जस्तो गरी बुझ्न गाह्रो छ ।

त्यसको यो स्पष्ट टीका नेवारी भाषामा लेखिन्छ । यो पढेर राजाहरू न्यायमार्गमा हिँडून् ।

मानव धर्मशास्त्रमा नारदले भनेको संहितामा व्यवहारप्रकरण सिद्धियो । ]

यताबाट बेन्डलको सङ्ग्रहमा रहेको सो नारदस्मृतिलाई पद्यमा नारदीय न्यायशास्त्र र गद्यमा मानवे धर्मशास्त्रे नारदप्रोक्ता संहिता भनी लेखिएकोले नारदस्मृतिलाई मानवे धर्मशास्त्रे नारदप्रोक्ता संहिता भन्ने पनि गरेको देखिन्छ ।

नारदस्मृतिको प्रस्तावनाखण्डमा यस्तो

इह हि भगवान्मनुः प्रथमं सर्वभूतानुग्रहार्थमाचारस्थितिहेतुभूतं शास्त्रं चकार । . . . ।१। तदेतदत्र श्लोकशतसहस्त्रेण साशीतिनाध्यायसहस्त्रेण च भगवान्मनुरुपनिबध्य देवर्षये नारदाय प्रायच्छत् । स च तस्मादधीत्य महत्वान्नायं ग्रन्थः सुकरो मनुष्यैरेव धारयितुमिति द्वादशभिः सहस्त्रैः संचिक्षेप तं च महर्षये मार्कण्डेयाय प्रायच्छत् ।२। स च तस्मादधीत्य तथैवायुः – शक्तिमपेक्ष्य मनुष्याणामष्टभिः सहस्त्रैः संचिक्षेप तं च सुमतये भार्गवाय प्रायच्छत् ।३।

---

६९. वि. सं. १९४२ मा कलकत्ताबाट एशियाटिक सोसाइटीद्वारा प्रकाशित युलिअस योल्लिको दि इन्स्टिटच्युट्स् अफ् नारद टुगेद्अर् विथ् कोपिअस् एक्सट्र्याक्ट्स् फ्रम् द नारदभाष्य अफ् असहाय यान्ड् अद्अर् स्टयान्डर्ड् कमएन्टरिज् ( असहायको नारद्भाष्य र अरू प्रामाणिक टीकाहरूबाट झिकिएका प्रशस्त उद्धरणसहित नारदस्मृति ) को प्रिफेस् ( भूमिका ) का ५–६ पृ.

सुमतिरपि भार्गवस्तस्मादधीत्य तथैवायुर्ह्रासादल्पीयसी शक्तिर्मनुष्याणामिति चतुर्भिः सहस्रैः संचिक्षेप ।४। तदेतत्पितृमनुष्या ह्यधीयन्ते विस्तेरण शतसहस्रं देवगन्धर्वादयः . . . ।५।

( योल्लिको नारदस्मृतिका १-२ पृष्ठबाट )

[ भगवान् मनुले सबै प्राणीहरूको अनुग्रहको लागि आचारको स्थितिको कारण भएको शास्त्र यहाँ पहिले बनाउनुभयो ।।१।। त्यो यो यहाँ एक लाख श्लोक र एक हजार असी अध्यायमा बनाएर भगवान् मनुले देवर्षि नारदलाई दिनुभयो। उहाँले पनि उहाँबाट पढेर ठूलो भएकोले यो पुस्तक मानिसहरूले धारणा गर्न सजिलो छैन भनी यसलाई बाह्र हजार श्लोकमा छोट्टयाउनुभयो र त्यो महर्षि मार्कण्डेयलाई दिनुभयो ।।२।। उहाँले पनि उहाँबाट पढेर त्यसै गरेर मानिसहरूको आयु र सामर्थ्यको विचार गरेर त्यसलाई आठ हजार श्लोकमा छोट्टयाउनुभयो र त्यो भृगुवंशका सुमतिलाई दिनुभयो ।।३।। भृगुवंशका सुमतिले पनि उहाँबाट पढेर त्यसै गरेर आयु छोट्टिएकोले मानिसहरूको सामर्थ्य झन् थोरै हुन्छ भनी चार हजार श्लोकमा छोट्टयाउनुभयो ।।४।। त्यो यो पितृ र मानिसहरू पढ्छन् र एक लाख श्लोकमा खुलाएर लेखेकोचाहिँ देवता र गन्धर्वहरू पढ्छन्।।५।। ]

लेखिएकोले मनुबाट सबभन्दा पहिले यो धर्मशास्त्र पाउने नारद भन्ने परम्परा भएकोले नारदको परम्पराको यस धर्मशास्त्रले नारदस्मृति र मनुबाट नारदले पाएकोले यस धर्मशास्त्रले मानवे धर्मशास्त्रे नारदप्रोक्ता संहिता भन्ने पनि नाउँ पाएको देखिन्छ। प्रसिद्ध मनुस्मृतिलाई मानवे धर्मशास्त्रे भृगुप्रोक्ता संहिता भने जस्तै नारदस्मृतिलाई मानवे धर्मशास्त्रे नारदप्रोक्ता संहिता भनेको कुरा यस प्रसङ्गमा योल्लिले चर्चा गरेको स्मरणीय छ।[७०]

केसरपुस्तकालयमा रहेको सो धर्मशास्त्रको एक ठाउँमा

इति मानवधर्मसास्त्र नारडप्रोक्तायां संहितायां व्यवहारप्रकरणं समाप्त ।। ।।

( ६० क पत्र )

भनी लेखिएकोले यो पुस्तक नारदस्मृतिकै हो भन्ने देखिन्छ तापनि यस विषयमा अरू

७०. सेक्रिड् बुक्स् अफ् दि इस्ट् सीरिज् ( पूर्वको पवित्र ग्रन्थमाला ) को ३३ भागको रूपमा वि. सं. १९४६ मा क्लारेन्डेन प्रेसद्वारा प्रकाशित युलिअस योल्लिको दि माइनर् ल-बुक्स् पार्ट् १ नारद, बृहस्पति ( साना धर्मशास्त्र १ भाग नारद र बृहस्पतिस्मृति ) को नारदस्मृतिको इन्ट्रडक्शन् ( उपोद्घात ) का १२-१३ पृ.

बढी खोजी गर्नुपरेको छ । यसको लागि सबभन्दा पहिले यसको पहिलो पृष्ठ यहाँ उतार्नुपरेको छ–

१ [७१] ॐ नम ध्रर्माय ।।

आसीदिदं तमोभूतमप्रज्ञेयमकिञ्च ।

तस्मिन्स्वयंम्भु भगवान् पादुराशीच्चतुमुखः ।।१।।

आदित्यचन्द्रावनिलानलो च दो भूमिरापो हृदयं यमश्च ।

अहश्च रात्रिश्च उभे च संधेः धर्म्मश्च जानाति नलस्य वृत्तं॰ [७२] ।।

ऋणन्देयमदेयञ्च येन यत्र यथा च यत् ।

दातग्रहणधर्माश्च ऋणादानमिति स्मृत॰ ।।२।।

दाना गान काय बियया ल्हाये ।।

पितुऱ्युर्द्ध॰ गते पुत्रा दच्चरेर्ण्ण यथांशत॰ ।

विभक्तायं विभक्ता वा यस्तमूद्धरले धूर॰ ।। ।।

बाप सिकाले बापया दाना गनि कायपनिस्यं थव थव बोयोल मालव नाप चोङा जुरसनो॰ ब्याग्र चोङा जुरसनो॰ बापया कुल धररपेः मालव जुह्मो ।। ।।

वितृव्येन विभक्तेन भ्रात्रा वा यतृण कृत॰ ।

माता वा स्वकुटुम्बार्थे दद्यस्तदृच्छिनो॰ किल ।। ।।

ब्याग्रर मच्वंग्व बबान व्यागर मच्वंग्व फुथ किञ्जन माम बबु थजुर मूल कुटुम्बयातं फ्याड ह्या जुकाले । थोपणि शिकाले लिवने च्वंग्वन पालेमालव मूलकुतुम्बन पालेमालव

अब नारदस्मृतिको प्रारम्भ यहाँ उतार्नुपरेको छ –

इह हि भगवान्मनुः प्रथमं सर्वभूतानुग्रहार्थमाचारस्थितिहेतुभूतं शास्त्रं चकार । यत्र लोकसृष्टिर्भूतप्रविभागः सद्देशप्रमाणं पर्षल्लक्षणं वेदवेदाङ्गयज्ञविधानमाचारो व्यवहारः कण्टकशोधनं राजवृत्तं वर्णाश्रमविभागौ विवाहन्यायः स्त्रीपुंसविकल्पो दायानुक्रमः श्राद्धविधानं शौचाचारविकल्पो भक्ष्याभक्ष्यलक्षणं विक्रेयाविक्रेयमीमांसा पातकभेदाः स्वर्गनरकानुदर्शनं

---

७१. यस्तो किसिमको मङ्गलसूचक चिह्नको विषयमा वि. सं. २०३४ मा काठमाडौँबाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित महेशराज पन्त र ऐश्वर्यधर शर्माको 'द टू अर्लिअस्ट् कपर्-प्लेट् इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् ( नेपालका दुइवटा सबभन्दा पुराना ताम्रपत्र ) को ७ पृष्ठमा विचार गरिएको छ ।

७२. यस्तो अनुस्वारको विषयमा पनि उपर्युक्त ग्रन्थको सोही पृष्ठमा विचार गरिएको छ ।

प्रायश्चित्तान्युपनिषदो रहस्यस्थानानि । एवं चतुर्विंशति प्रकरणानि ।१। तदेतदत्र श्लोक-शतसहस्रेण साशीतिनाध्यायसहस्रेण च भगवान्मनुरुपनिबध्य देवर्षये नारदाय प्रायच्छत् । स च तस्मादधीत्य महत्वान्नायं ग्रन्थः सुकरो मनुष्यैरेव धारयितुमिति द्वादशभिः सहस्रैः संचिक्षेप तं च महर्षये मार्कण्डेयाय प्रायच्छत् ।२। स च तस्मादधीत्य तथैवायुःशक्तिमपेक्ष्य मनुष्याणामष्टभिः सहस्रैः संचिक्षेप त च सुमतये भार्गवाय प्रायच्छत् ।३। सुमतिरपि भार्गवस्तस्मादधीत्य तथैवायुर्ह्रासादल्पीयसी शक्तिर्मनुष्याणामिति चतुर्भिः सहस्रैः संचिक्षेप ।४। तदेतत्पितृमनुष्या ह्यधीयन्ते विस्तरेण शतसहस्रं देवगन्धर्वादयः । तत्रायमाद्यः श्लोकः ।

आसीदिदं तमाभूतं न प्राज्ञायत किंचन ।
ततः स्वयंभूर्भगवान्प्रादुरासीच्चतुर्मुखः ।५।

इत्येवमधिकृत्य क्रमात्प्रकरणात्प्रकरणमनुक्रान्तम् । तत्र नवमं प्रकरणं व्यवहारो नाम यत्रेमामादौ देवर्षिर्नारदः सूत्रीयां मातृकां चकार । अस्यायमाद्यः श्लोकः ।६।

धर्मैकतानाः पुरुषाः यदासन्सत्यवादिनः ।
तदा न व्यवहारोऽभून्न द्वेषो नापि मत्सरः ।।१।।

( योल्लिको नारदस्मृतिका १–३ पृष्ठबाट । वि. सं. १६६४ मा सताराको वाइबाट प्राज्ञपाठशालामण्डलद्वारा प्रकाशित लक्ष्मणशास्त्री जोशीको धर्मकोश व्यवहारकाण्ड पूर्वार्धे व्यवहारमातृकाको परिशिष्टको १५ पृष्ठमा पनि माथिको उद्धरण छापिएको छ । )

केसरपुस्तकालयमा रहेको माथि चर्चा गरिएको पहिलो श्लोक

आसीदिदं तमोभूतमप्रज्ञेयमकिञ्च ।
तस्मिन्स्वयंम्भु भगवान् पादुराशीच्चतुमुखः ।।

नारदस्मृतिको पहिलो श्लोक भनी कहिएको यो श्लोक

आसीदिदं तमोभूतं न प्राज्ञायत किंचन ।
ततः स्वयंभूर्भगवान्प्रादुरासीच्चतुर्मुखः ।।

का केही पाठान्तरसहितको अशुद्ध रूप हो भन्ने देखिन्छ ।

अब हाम्रो धर्मशास्त्रको दोस्रो श्लोक

आदित्यचन्द्रावनिलानलो च दो भूमिरापो हृदयं यमश्च ।
अहश्च रात्रिश्च उभे च संधे: धर्मश्च जानाति नलस्य वृत्त० ।।

को विषयमा केही लेख्नुपरेको छ ।

योल्लिले सम्पादन गरेको नारदस्मृतिमा यो श्लोक नभेट्टाइए तापनि धर्मकोश व्यवहारकाण्ड पूर्वार्ध व्यवहारमातृकाको ४७७ पृष्ठमा

आदित्यचन्द्रावनिलोऽनलश्च द्यौर्भूमिरापो हृदयं यमश्च ।
अहश्च रात्रिश्च उभे च संध्ये धर्मश्च जानाति नरस्य वृत्तम् ॥

दिव्यको प्रसङ्गमा नारदको मत भनी दिइएका श्लोकमा यो श्लोक पनि भएकोले हाम्रो धर्मशास्त्रको दोस्रो श्लोक पनि नारदको मतअनुसारको श्लोकको अशुद्ध रूप हो भन्ने देखिन्छ ।

हाम्रो धर्मशास्त्रका तेस्रो, चौथो र पाँचौँ श्लोक

ऋणन्देयमदेयश्च येन यत्र यथा च यत् ।
दानग्रहणधर्माश्च ऋणादानमिति स्मृत ०ू ॥
पितुऱ्युर्द्ध ०ू गते पुत्रा दच्चेरर्ण्ण यथांशत०ू ।
विभक्ताद्यं विभक्ता वा यस्तमूद्धरले धूर०ू ॥ ॥
वितृव्येन विभक्तेन भ्रात्रा वा यतृण कृत०ू ।
माता वा स्वकुटुम्बार्थे दद्यस्तदृच्छिनो०ू किल ॥ ॥

नारदस्मृतिको ऋणादानका उठानका यी तीन श्लोक

ऋणं देयमदेयं च येन यत्र यथा च यत् ।
दानग्रहणधर्माभ्यामृणादानमिति स्मृतम् ॥१॥
पितर्युपरते पुत्रा ऋणं दद्युर्यथांशतः ।
विभक्ता अविभक्ता वा यो वा तामुद्धरेद् धुरम् ॥२॥
पितृव्येनाविभक्तेन भ्रात्रा वा यदृणं कृतम् ।
मात्रा वा यत्कुटुम्बार्थे दद्युस्तद्रिक्थिनोऽखिलम् ॥३॥

( योल्लिको नारदस्मृतिको ४६ पृष्ठबाट )

का अपभ्रंष्ट रूप हुन् भन्ने कुरामा कुनै सन्देह छैन ।

यी सबै कुराबाट केसरपुस्तकालयमा रहेको हस्तलिखित ग्रन्थसङ्ख्या ३६६ को धर्मशास्त्र नेवारी टीकासहितको नारदस्मृति हो भन्ने कुरामा कुनै शङ्का छैन ।

नेवारी टीकासहितको यो नारदस्मृति वि. सं. १५६७ मा रत्न मल्लको पालामा काठमाडौँ

शहरको यंग्ल ( दक्षिण भाग ) मा बस्ने ज्योतिषी रत्नसिंहले सारेका हुन् भन्ने कुरा यस पुस्तकको पुष्पिकाबाट स्पष्ट हुन्छ–

जथा दृष्ट तथा लिखितं लेखको नास्ति दोखन ।
जदि शुद्धं मशुधं बा सोधनियात् महत्बुधै ॥

श्रीश्रीजयरत्नमलदेवप्रभूठाकुलस्य विजयराजे श्रीयंग्लकास्तमण्डपनगले मध्यमरथ्याया प्वंद्य वं थंच्छे देवज्ञ लेषितं रथनसिहेन महतार्थ पुत्र पतिषालयेत् अज्ञानि जन ओन थ्व सास्त्र दयका जुरो थ्व सास्त्र पतल मगानि स्वधन मधुनि थम साहास याङ तको संपूर्णमिति ।। सम्वत् ६३१ माघशुक्र ।। पञ्चम्यायां तिथौ ।। ।।

नारदस्मृति शुरू भएको पत्रको एकापट्टि यस्तो लेखिएको छ–

१ सम्वत् ६४५ माघकृष्ण ।। षष्टमी सोमवार थ्व कोन्हु थंक्वाठ सिंक्वाठ अग्लगाम मि चोको प्रपाया मगल मुकनसेन विक्रमसेन भुवनसेन रुद्रसेन थ्व प्यंह्म प्रमुखन् जिमच्छह्म पुङन राजा वव माघकृष्ण ।। नवमी प्र दसमी मूलनक्षत्र बृहस्पतिवार थ्व कोन्हु कितपुरी मी चोको नेपालच्छिबुन दंद थंङा संति ।। कतकायि दव ने श्र यिच्छि वदि यंगो अगं भुक यंगो ।। आदित कुभश गत बृहस्पति शनिश्चर मीनगत अंगार वक्र कन्यगत थ्वन दच्छि न्हव चेतला गरे चयाह्म ग्रह नाप संगम लाको कुम्भगत ।। सं ६४४ फार्गुर्णकृष्ण थथ्यं उत्पात जुव प्यंन्हुन्हव थ्वंक्वाठ सिंग्वाथ अग्रगाम मो चोक्व संति कोन्हु हठारन चंदागोरिस लु दव नियह्मंति कतकायि दव जुरो

[ ने. सं. ६४५ ( वि. सं. १५८१ ) माघकृष्ण षष्ठी सोमवार ( फाल्गुन १६ गते )[७३] यस दिन थानकोट, सिंक्वाठ, अग्लगाममा आगो लाइयो । पाल्पाका मगर मुकुन्द सेन, विक्रम सेन, भुवन सेन, रुद्र सेन यी चार जना मुख्यसमेत एघाह्र जना जम्मा भएर राजा आए । माघकृष्ण नवमीउप्रान्त दशमी मूलनक्षत्र बृहस्पतिवार ( फाल्गुन २२ गते ) यस दिन कीर्तिपुरमा आगो लाइयो । नेपालभर दण्ड उठाइयो भोलिपल्ट । सिपाहीहरू थिए । दुइ सय एक जनालाई समातेर लगियो । . . . लगियो । सूर्य कुम्भ राशिमा गएका थिए । बृहस्पति र शनैश्चर मीन राशिमा

७३. यी दिनका गणना वि. सं. २०३६ मा प्रकाशित पूर्णिमा ४२ अङ्कका ६७–१०० पृष्ठमा छापिएको पिताजी नयराज पन्त र दिनेशराज पन्तको नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमलासम्बन्धी दिनका गणना भन्ने निबन्धमा दिइएका छन् ।

गएका थिए। वक्री मङ्गल कन्या राशिमा गएका थिए। यसको वर्ष दिन पहिले फाल्गुनकृष्णमा आठ ग्रहको कुम्भराशिमा सङ्गम भएको थियो। ने. सं. ६४४ (वि. सं. १५८०) फाल्गुनकृष्णमा यसरी उत्पात भयो। चार दिन पहिले थानकोट, सिंग्वाथ, अग्रगाममा आगो लाइयो। भोलिपल्ट लडाइँ चन्द्रागिरिमा देखियो। बीस जना जति सिपाही थिए।]

नारदस्मृतिको सो पुस्तकमा रहेको एउटा पत्रको एकापट्टि यस्तो लेखिएको छ–

१ सम्वत् ४७० मार्गशिरकृष्ण ।। तृराख कोन्हु समनदिन शुर्तानन नेपाल तेरो, पशुपति स्यंगु ,खप्वं, यलं, यग्ल यंबु मि चोया मोको दिन, शनिश्चर मीनगत मजुरो ।। सम्वत ६४६ फागुणकृष्ण ।।नवमी प्र दसमी पूर्व्वाखाढ प्र उत्राखाढ नक्षत्र बुधवार, थव कुन्हु, मगल मुकुण्डसेन राजान कितपुरि तेर थवनन संति यलं पुंङ वंन, थवनन संति शुक्रवार कोन्हु ववा चारो, अनेग कतकायि वंधि यंगो मगलं ङय-चछह्म दव ५१ अमावासि कोन्हु पाशुपतिस मोड ल्हुल वंगो, थवन संति थ्यंमि बुद्यं मि चोको, चंगुण मग्र निह्म राको यलनं निह्म राको, चंगुनिला थोव सति अंगारवार कोन्हु थंग्र यंबुस स्वं चा प्यं न्हु दल चोङन ,पुंगो, स्यंगु थंब-हिरी ननिसाल धमाथरि मे चोस्य मोको प्यंन्हु लिव मग्र बिस्यं वगो, खुसिबहिरी च्यापोल मे चोस्य मेन मनव ।।

[ने. सं. ४७० (वि. सं. १४०६) मार्गकृष्ण तृतीयाको दिन शमसुद्दीन सुल्तानले नेपाल जिते। पशुपति, सिम्भू, भादगाउँ, पाटन, यंग्ल (काठमाडौँ शहरको दक्षिण भाग), यंबु (काठमाडौँ शहरको उत्तर भाग) मा[७४] आगो लाएको दिन।

ने. सं. ६४६ (वि. सं. १५८२) फाल्गुनकृष्ण नवमीउप्रान्त दशमी पूर्वाषाढाउप्रान्त उत्तराषाढानक्षत्र बुधवार (चैत्र ११ गते) यस दिन मगर मुकुन्द सेन राजाले कीर्तिपुर जिते, यसको भोलिपल्ट पाटन घेर्न गए। यसको भोलिपल्ट शुक्रवारको दिन ववा (चापागाउं)[७५] खुल्यो। अनेकन् सिपाही समातेर लगिए। मगरहरू एकाउन्न ५१ जना थिए, औँसीको दिन पशुपतिमा

---

७४. वि. सं. २०३१ मा त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टडइज् (नेपालविषयका विद्यासम्बन्धी लेख) को १ वर्ष २ अङ्कका ६०–६८ पृष्ठमा छापिएको गौतमवज्र वज्राचार्यको यङ्गल, यम्बु भन्ने लेखमा मध्यकालमा काठमाडौँ शहरको दक्षिण भाग यंग्ल र उत्तर भाग यम्बु कहिन्थ्यो भनी सिद्ध गरिएको छ।

७५. वि. सं. १६२६ को नरसिंह, पुरन्दरसिंह, उद्धवसिंहको ताडपत्रमा यस्तो लेखिएको छ–

नुहाउन गए, यसको भोलिपल्ट ठिमीमा बोडेमा आगो लाए। चाँगुबाट दुइ जना मगर समातिए। पाटनबाट दुइ जना समातिए । चैत्रशुक्ल सप्तमी मङ्गलवार ( चैत्र २४ गते ) यंगल र यंबुमा तीन रात चार दिन फौज बसेर घेरा हाल्यो। सिम्भू, ठमेल, नक्साल, धर्मस्थलीमा आगो लाइयो। चार दिनपछि मगर भागेर गए। खुसिबहिलमा आठचोटि आगो लाए पनि आगोले खाएन ।)

[ पूर्णिमा ४२ अङ्कका १०१–१०२ पृष्ठमा छापिएको महेशराज पन्त र दिनेशराज पन्तको नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमलाको प्रमाणवाक्य (अनुवादसहित) भन्ने निबन्धमा यस टिपोटको मूल वाक्य नेपाली अनुवादसहित सर्वप्रथम छापिएको छ। सो अनुवादमा पर्न गएका केही गलती अहिले यहाँ सच्याई छापिएको छ। ]

यताबाट नारदस्मृतिमा टिपिएका यी टिपोट मूल ग्रन्थ सारिएको चौध पन्ध्र वर्षपछि लेखिएका रहेछन् भन्ने कुरा स्पष्ट भएको छ।

मुकुन्द सेनले नेपालखाल्डोमा वि. सं. १५८२ मा गरेको हमलाको विषयमा लेख्नुभन्दा अगाडि यो टिपोट लेख्नेले नेपालखाल्डोमा पौने दुइ सय वर्ष जति अघि भएको शमसुद्दीनको हमलाको विषयमा केही लेखेकाले सबभन्दा पहिले त्यस विषयमा केही लेख्नुपरेको छ।

वि. सं. १४०६ को मङ्सीरमा बङ्गालका सुल्तान शमसुद्दीन इल्यासले नेपालखाल्डोमा हमला

---

ॐ स्वस्ति ।। सम्वत ६९२ वैशाषशुक्ल २ श्रीश्रीजयनरसिंहदेवठाकुर, श्रीश्रीजयपुरन्दरसिंहदेवठाकुर, श्रीश्रीजयउद्धवसिंहदेवठाकुरसन प्रसादारपा श्रीचंपापुरीस्थाने येलषाटोल डोयचानाम्ने प्रसादीकृतं . . .

अत्रार्थे साक्षी श्रीविभुजु प्रभृति सेष्टलोक समुच्चस ववा प्रमान . . .

वि. सं. १६५८ को शिवसिंह मल्लको ताडपत्रमा यस्तो लेखिएको छ–

ॐ स्वस्ति ।। सम्वत् ७२२ मार्गशिरकृष्णत्रयोदश्यायां तिथौ श्रीललितब्रुमायां श्रीमाणिगलाधिपतिश्रीश्रीजयशिवसिंहदेवप्रभुठाकुरसन प्रसादारपा ववादेश यरखाटोल पाचरिछेंनिवासिग्राहकदोयचानाम्ने, नाम्ने प्रसादीकृतं . . .

[ यी दुवै ताडपत्र वि. सं. २०२३ मा प्रकाशित पूर्णिमा १२ अङ्कमा छापिएको शङ्करमान राजवंशीको सिद्धिनरसिंह मल्लभन्दा अगाडिका पाटनका शासकहरूका केही ताडपत्र भन्ने निबन्ध( सो अङ्कको २० पृष्ठ) मा छापिएको छ। ]

माथिका दुइ ताडपत्रमध्ये पहिलोमा श्रीचंपापुरीस्थाने येलषाटोल लेखी दृष्टसाक्षी समुच्चस ववा प्रमान लेखिएको छ। दोस्रोमा ववादेश यरखाटोल लेखिएको छ।

यस कारण ववा भनेको चापागाउँ हो भन्ने स्पष्ट हुन्छ।

गरेका थिए। यस हमलामा उनले शत्रुपक्षलाई कायल पार्न सर्वत्र आगो लाउने नीति लिएका थिए र त्यस काममा उनी सफल पनि भएका थिए भन्ने कुरा नेपाल समस्त भस्मीभवान् (= सारा नेपाल भस्म भयो),[७६] समस्त डाहरपा ( = सबैतिर डढायो )[७७] नेपालसर्वनगरं भश्मीकरोति ( = सबै नेपाल शहर भस्म पार्छ )[७८] नेपालो भग्नो दग्धश्च सर्वशः ( नेपालमा सबैतिर भत्काइयो, पोलियो )[७९] भनी तात्कालिक लिखतहरूमा लेखिएकोले बुझिन्छ। शमसुद्दीनको यस हमलाबाट पशुपति स्वयम्भू जस्ता देवमन्दिर सुद्धा पनि बच्न सकेनन् र पशुपतिको लिङ्ग तीन टुक्रा पारियो र स्वयम्भूचैत्यमा आगो लाइयो भन्ने कुरा पनि तात्कालिक लिखतबाट बुझिएकोले र हाहा-भवन्ति लोकश्च ( = दुनियामा हाहाकार भयो ), महाकष्ट भयामि भक्तापुरे ( = भक्तपुरमा ज्यादै दुःख पाएँ )[८०] भनी यस हमलाबाट कष्ट पाएका भुक्तभोगीले लेखेकाले यो हमला कति डरलाग्दो रहेछ भन्ने कुरा सहजै अन्दाज गर्न सकिन्छ। यस्तो भयङ्कर आक्रमणको सम्झना पछिसम्म पनि रहेको थियो भन्ने कुराको प्रमाणको रूपमा वि. सं. १६५२ मा स्वयम्भूको जीर्णोद्धार गरी राखिएको शिलालेखमा "तुर्कहरूको छुवाइले ज्यादै मन दुखेका राजाले बुद्धको स्तूपको फेरि जीर्णोद्धार गर्नुभयो" भन्ने भावको लेखाइपट्टि श्रीधनवज्र वज्राचार्यले ध्यान ल्याउनुभएको कुरा यस प्रसङ्गमा स्मरणीय छ[८१]। स्वयम्भूको सो जीर्णोद्धार हुनुभन्दा ७० वर्ष जति अगाडि लेखिएको यस टिपोटमा मुकुन्द सेनको हमलाको विषयमा लेख्नुभन्दा अगाडि शमसुद्दीनको हमलाको विषयमा लेखिएकोले शमसुद्दीनको हमलाको कुरा यस टिपोट लेख्नेले पनि बिर्सन सकेका थिएनन् भन्ने स्पष्ट हुन्छ। मुकुन्द सेनको हमला हुनुभन्दा अगाडि शमसुद्दीनले मात्र होइन, डोय र खसहरूले पनि हमला गरेका थिए। अझ भन्ने हो भने शमसुद्दीनको हमला त एकबाजि मात्र भएको थियो, डोय र खसहरूको चाहिँ वारंवार भएको थियो। सङ्ख्याको दृष्टिले डोय र खसहरूको हमलाको मात्रा ठूलो भएता पनि तिनको भन्दा शमसुद्दीनको हमलाको प्रभाव बढी चिरस्थायी भयो भन्ने कुरा यही टिपोट लेख्नेले ती हमलाको विषयमा केही नलेखी खालि शमसुद्दीनले गरेको हमला मात्र सम्झन पुगेकोबाट अनुमान हुन्छ। शमसुद्दीनको हमलाको मार खपेका भुक्तभोगी-हरूले "सारा नेपाल भस्म भयो, सबैतिर डढायो, सारा नेपाल शहर भस्म पार्छ, नेपालमा सबैतिर

७६. गोपालराजवंशावली २८ ख पत्र

७७. ऐजन ५२ क पत्र

७८. पाटन पिंबहालको मेघपालको वि. सं. १४१४ को शिलालेख

७९. सिम्भूको राजहर्षको वि. सं. १४२६ को शिलालेख

८०. गोपालराजवंशावली २८ ख पत्र

८१. पूर्णिमा ८ अङ्कका ११-१२ पृ.

भत्काइयो पोलियो" भनी गोलबोलीमा लेखेका छन् तापनि तिनीहरूको लेखाइबाट शमसुद्दीनको हमलाको सार भादगाउँ, पशुपति, स्वयम्भू र पाटन पिंबहालमा परेको थियो भन्ने बुझिन्छ। यी लेखाइबाट शमसुद्दीनले काठमाडौँ शहरको पूर्वपट्टि र दक्षिणपट्टि शहरबाहिर रहेका प्रसिद्ध देवस्थल पशुपति र स्वयम्भूमा उत्पात मचाए तापनि खास काठमाडौँ शहरमा चाहिँ केही गरेनन् त भन्ने प्रश्न पनि इतिहासरसिकको मनमा कताकता उठ्न नजाने होइन। शमसुद्दीनको हमला भएको पौने दुइ सय वर्ष जतिपछि लेखिएको यस टिपोटमा मुकुन्द सेनको हमलाको विषयमा लेख्दा शमसुद्दीनले पशुपति, स्वयम्भू, भादगाउँ र पाटनको साथै काठमाडौँ शहरका उत्तर दक्षिण दुवैपट्टि हमला गरेका थिए भनी लेखिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ।

गोपालराजवंशावलीअनुसार शमसुद्दीनले भक्तपुरमा वि. सं. १४०६ मार्गशुक्ल नवमीको दिन उत्पात मचाएको र सिम्भूको राजहर्षको शिलालेखअनुसार शमसुद्दीनले सिम्भूमा चाहिँ त्यसको भोलिपल्ट अर्थात् मार्गशुक्ल दशमी बृहस्पतिवारको दिन उत्पात मचाएको देखिन्छ। गोपालराजवंशावलीमा "ने. सं. ४७० ( वि. सं. १४०६ ) मार्गशुक्ल नवमीको दिन सुल्तान शमसुद्दीन आई ७ दिनसम्म सबैतिर डढायो" भनी लेखिएकोले नेपालखाल्डोमा शमसुद्दीनले सात दिनसम्म आगो लाउने काम गरेका थिए भन्ने बुझिन्छ।[८२] सोझो हिसाब गर्दा नवमीदेखि पूर्णिमासम्म उनले नेपालखाल्डोमा आगो लाउने काम गरेको देखिन्छ। ने. सं. ४७० ( वि. सं. १४०६ ) मार्गकृष्ण तृतीयाको दिन सुल्तान शमसुद्दीनले नेपाल जितेपछि भनी यस टिपोटमा लेखिएकोले सात दिन बितिसकेपछि पनि शमसुद्दीनले यहाँ उत्पात मचाइरहेको आभास पर्छ।

पाल्पाली राजा मुकुन्द सेनले नेपालखाल्डोमा गरेको भयङ्कर हमलाको बयान विभिन्न वंशावलीहरूमा भए तापनि मुकुन्द सेनको हमलाको मिति भनी वंशावलीमा दिइएका मिति र मुकुन्द सेनको वास्तव मितिमा सयौँ वर्षको आनकोतान फरक परेकोले प्रामाणिक ऐतिहासिकहरूले मुकुन्द सेनको हमलाको कुरालाई ऐतिहासिक घटनाको रूपमा होइन कि मनगढन्त कथाको रूपमा अहिलेसम्म ठानिरहेका थिए। अहिले आएर हाम्रो खोजीले मुकुन्द सेनको हमलाको तात्कालिक र प्रामाणिक बयान पाइएकोले मुकुन्द सेनको हमलाको सच्चा समय दिन वंशावली लेख्नेहरू विफल भए तापनि उनीहरूले नेपालखाल्डोमा मुकुन्द सेनको हमला भएको थियो भन्ने कुराचाहिँ सम्झी नै राखेका थिए भन्ने कुरा बुझिएको छ।

मुकुन्द सेनको हमलाको कुरा टिपोट गरी लेखिएको यस लिखतमा लेखिएका कुराको विषयमा अब केही लेख्नुपरेको छ।

पाल्पाली राजा मुकुन्द सेन नेपालखाल्डोमा हमला गर्न भनी विक्रम सेन, भुवन सेन र रुद्र

८२. पूर्णिमा ८ अङ्कका ८–९ पृष्ठ.

सेनलाई साथ लिई हिँडेका थिए। यी चार जना सेनसमेत ११ जना जम्मा भएर आएका थिए भनी यस टिपोटमा लेखिए तापनि यी ११ जना सेनापतिको हैसियतका थिए र यिनीहरूको पछाडि ठूलै फौज थियो भनी हामीले सम्झनुपर्छ। यहाँ नाउँ लिइएका विक्रम सेन, भुवन सेन र रुद्र सेन को हुन् र मुकुन्द सेनको यिनीहरूसँग के नाता थियो भन्ने कुरा हामीलाई थाहा छैन तापनि सेनान्तनामधारी यिनीहरू पक्कै पनि मुकुन्द सेनका गोतिया हुन् भन्ने कुराचाहिँ हामीले बुझ्नुपर्छ। मुकुन्द सेनका बाबुको नाउँ पनि रुद्र सेन भए तापनि यहाँ मुकुन्द सेनसँग आएका रुद्र सेनचाहिँ अर्कै रुद्र सेन हुन् भन्ने देखिन्छ।

पाल्पाबाट आएको यस फौजले वि. सं. १५८१ माघकृष्ण षष्ठी सोमवारको दिन अर्थात् फाल्गुन १६ गते थानकोट, सिक्वाठ र अग्लगाममा आगो लायो भनी यहाँ लेखिएको छ। यसको भोलिपल्ट चन्द्रागिरिमा लडाइँ देखियो, बीस जना जति सिपाही थिए भनी यहाँ लेखिएको छ। यताबाट मुकुन्द सेनको पहिलो मार थानकोटतिर परेको थियो भन्ने देखिन्छ। यहाँ चर्चा गरिएका सिक्वाठ र अग्लगामको परिचय हामीलाई थाहा छैन तापनि यी दुइ गाउँको चर्चा थानकोटसँगै आएको हुनाले यी दुइ गाउँ थानकोटवरपरका हुन् भन्ने अनुमान हुन्छ। यस टिपोटमा अर्को ठाउँमा सिक्वाठको ठाउँमा सिग्वाथ र अग्लगामको ठाउँमा अग्रगाम लेखिएको कुरा पनि स्मरणीय छ। यसरी फाल्गुन १६ गते थानकोट र यसको वरपरका गाउँमा आगो लाएपछि भोलिपल्ट २० गते चन्द्रागिरिमा पाल्पाली सेना र यहाँको सेनाको भिडन्त भएको कुरा यहाँ लेखिएको छ। यसै प्रसङ्गमा २०॥ जना जति सिपाही थिए भनी यहाँ लेखिएको छ। यी सिपाही कुन पक्षका हुन् भन्ने कुराचाहिँ यताबाट खुल्दैन।

मुकुन्द सेनको हमलाको पहिलो मार थानकोट र यसका वरपरका गाउँमा परेकोले र चन्द्रागिरिमा दुइ पक्षको भिडन्त पनि भएकोले चन्द्रागिरिबाट मुकुन्द सेनको फौज नेपालखाल्डोमा ओर्लेको देखिन्छ।

चन्द्रागिरिमा भिडन्त भएको पर्सिपल्ट अर्थात् फाल्गुन २२ गतेको दिन पाल्पाली फौजले कीर्तिपुरमा आगो लाएको कुरा यस टिपोटबाट बुझिएको छ।

मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरी दण्डको रूपमा भरनेपालखाल्डोबाट पैसा उठाएको चर्चा पनि यस टिपोटमा गरिएको छ। डोयहरूले र खसहरूले पनि यहाँ हमला गर्दा दण्ड उठाएको कुरा यस प्रसङ्गमा स्मरणीय छ।[८३]

---

८३. पूर्णिमा ४ अङ्कका २१–२२, २५–२६, २८ पृ.
पूर्णिमा ६ अङ्कको २६ पृ.
कर्णाली प्रदेश एक बिटो अध्ययनको ६४ पृ.

यसपछि दुइ सय एक जनालाई समातेर लगियो भनी यस टिपोटमा लेखिएको छ तापनि कुन पक्षले कुन पक्षलाई समातेर लग्यो भन्ने कुराचाहिँ यहाँबाट खुल्दैन ।

यो टिपोट लेख्ने यस हमलाको कारण ग्रहहरूको स्थितिको दुष्प्रभावमा खोज्न पुगेका छन् । उनको लेखाइअनुसार यो हमला हुनुभन्दा वर्ष दिनअगाडि वि. सं. १५८० फाल्गुनकृष्णमा आठ ग्रहको कुम्भ राशिमा सङ्क्रम भएकोले नै मुकुन्द सेनको हमला भएको हो भन्ने बुझिन्छ ।

यस हमलाको भण्डै १३ महीनापछि मुकुन्द सेनले नेपालखाल्डोमा फेरि हमला गरेको कुरा यस टिपोटबाट बुझिएको छ । मुकुन्द सेनले यहाँ दोहऱ्याएर हमला गरेको देख्दा जितारि मल्लले नेपालखाल्डोमा तीन वर्षसम्म सालिन्दा हमला गरी तीन पटकसम्म पुऱ्याएको सम्झना हुन्छ । ८४

वि. सं. १५८२ फाल्गुनकृष्ण नवमीउप्रान्त दशमी बुधवार ( चैत्र ११ गते ) मुकुन्द सेनले कीर्तिपुर जितेको र यसको भोलिपल्ट उनले पाटन घेरेको कुरा यहाँ लेखिएको छ । पाटन घेर्न गएको भोलिपल्ट अर्थात् चैत्र १३ गते चापागाउँ खुल्यो, अनेकन् सिपाही समातेर लगिए भनी यहाँ लेखिएको हिसाबले यहाँको फौजले पाल्पाली फौजलाई हराई चापागाउँ खुलाएको र पाल्पाली सेनाका निकै सिपाही समातिए होलान् भन्ने अनुमान हुन्छ ।

मगरहरू ५१ जना थिए, औँसीको दिन यिनीहरू पशुपतिमा नुहाउन गए भनी यहाँ लेखिएको छ । फाल्गुनकृष्ण औँसीको दिन पशुपतिमा नुहाउन मगरहरू गए भनी यहाँ लेखिए तापनि यो अमान्तमान हुनाले पूर्णान्तमानअनुसार यो चैत्रकृष्ण औँसी हुनुमा सन्देह छैन । यस कारण संवत्सरपरेवाको अघिल्लो दिन अर्थात् घोडेजात्राको दिन पाल्पालीहरू पशुपतिमा नुहाउन गएको देखिन्छ ।

यसको भोलिपल्ट ठिमीमा र बोडेमा आगो लाएको कुरा यहाँ लेखिएकोले संवत्सरपरेवाको दिन ठिमीमा र बोडेमा आगो लाएको बुझिन्छ । यसपछि चाँगुबाट दुइ जना र पाटनबाट दुइ-जना मगर समातिएको कुरा यहाँ लेखिएको छ ।

चैत्र २४ गतेको दिन काठमाडौँ शहरका दक्षिण र उत्तर दुवै भागमा मुकुन्द सेनको फौजले घेरा हाल्यो र सो घेरा तीन रात चार दिनसम्म रह्यो भनी यहाँ लेखिएको छ । खास काठमाडौँ शहरभन्दा पश्चिमपट्टि रहेको सिम्भू, उत्तरपट्टि रहेको ठमेल, पूर्वपट्टि रहेको नक्सालमा र उत्तरपट्टि तुलनात्मक दृष्टिले निकै पर टोखाको पश्चिममा रहेको धर्मस्थलीमा पनि मुकुन्द सेनको सेनाले आगो लाएको कुरा यताबाट बुझिएको छ । चार दिनपछि मगरहरू भागेर गए भनी यहाँ लेखि-एकोले तीन रात चार दिनपछि काठमाडौँ राज्यले मुकुन्द सेनको घेरा तोड्न सकेको बुझिन्छ । भागेर जाँदा मुकुन्द सेनको सेना विष्णुमती तरेर गएको देखिन्छ । किनभने भीमसेनस्थानबाट

---

८४. पूर्णिमा ६ अङ्कका २१-२३ पृ.

ताहाचल जाँदा विष्णुमतीको पश्चिम किनारमा रहेको खुसिबहिलमा मुकुन्द सेनको सेनाले आठ पटकसम्म आगो लाउन कोशिश गरे तापनि आगो लाउन नसकेको कुरा यस टिपोटबाट बुझिएको छ।

मुकुन्द सेनको सेनाले सिम्भुमा आगो लायो भनी लेखिएकोले प्राचीनकालदेखि प्रसिद्ध बौद्ध तीर्थस्थल सिम्भुमा सुद्धा पनि मुकुन्द सेनले आगो लाउन नछोडेको यताबाट स्पष्ट हुन्छ।

हाल भगवान्‌बहालको नाउँले प्रसिद्ध विहार थम्बहिलबाट त्यस इलाकाको नाउँ नै ठमेल भएको देखिन्छ। पाणिनिको चातुरर्थिक प्रकरणमा भएको अदूरभवश्च ४।२।७० भन्ने सूत्रमा भने जस्तै थम्बहिल भन्ने विहार नजीकै भएको इलाकाले ठमेल भन्ने नाउँ पाएको हो।[८५]

श्री ५ को सरकारले संयुक्त राष्ट्रसङ्घसँग मिली तयार गरेको नेपालखाल्डोका प्राचीन मन्दिर विहार आदिको सूचीपत्रमा विक्रमको तेह्रौँ शताब्दीमा यहाँ आएका भोटे भिक्षु धर्मकीर्ति थम्बहिलमा बसेका थिए र थम्बहिलको विषयमा पाइएको पहिलो उल्लेख यही हो भनी लेखिए[८६] तापनि विक्रमको एघाह्रौँ शताब्दीको अन्त्यमा यहाँ आएका दीपङ्कर श्रीज्ञान ( अतीशा ) ले थंविहारको ठूलो मन्दिर बनाएको चर्चा भोटको नीलवंशावलीमा आएको कुरा यस प्रसङ्गमा स्मरणीय छ।[८७]

---

८५. अदूरभवश्च ४।२।७०

...तस्येति षष्ठीसमर्थाददूरभव इत्येतस्मिन्नर्थे यथाविहितं प्रत्ययो भवति। विदिशाया अदूरभवं नगरं वैदिशम्। हैमवतम्।

( काशिका )

[ षष्ठयन्त समर्थदेखि त्यसदेखि नजीकै रहेको भन्ने अर्थमा यथाविहित प्रत्यय हुन्छ विदिशाको नजीकैको शहर वैदिशम् हुन्छ। हिमवान् ( हिमालय ) को नजीकैको शहर हैमवतम् हुन्छ। ]

८६. वि. सं. २०२२ मा भियनाबाट एन्टन स्क्रल यान्ड कम्पनीद्वारा प्रकाशित संयुक्त राष्ट्रसङ्घ र संयुक्त राष्ट्रसङ्घको शिक्षा विज्ञान र संस्कृतिसम्बन्धी सङ्घट्टनसँग मिली श्री ५ को सरकारले तयार गरेको काठ्मान्डु भ्यालि द प्रिजर्भेशन् अफ् फिजिकल् इन्भाइरन्मेन्ट् यान्ड् कल्चरल् हेरिटेज् ए प्रटेक्टिभ् इन्भेन्टरि ( नेपालखाल्डोको भौतिक आवहवा र संस्कृतिसम्बन्धी बपौतीको संरक्षणात्मक फिरिस्त ) २ भागको १३ पृ.

८७. वि. सं. २००६ मा कलकत्ताबाट एशियाटिक सोसाइटी अफ बङ्गालद्वारा प्रकाशित जर्ज एन. रोरिखको ब्लू यानाज् ( नीलवंशावली ) को २४७ पृ.

मुकुन्द सेनले यहाँ हमला गर्नुभन्दा पाँच सय वर्षअगाडि नै प्रसिद्ध भइसकेको बौद्ध देवस्थल थम्बहिलमा पनि मुकुन्द सेनको सेनाले आगो लाएको कुरा यताबाट बुझिएको छ ।

आजभोलि हामी जुन इलाकालाई नक्साल भन्छौं, त्यो इलाका लिच्छविकालमा अंशुवर्माको समयमा नीलीशाला कहिन्थ्यो भन्ने कुरा अंशुवर्माको नक्साल गैह्रीधाराको शिलापत्रमा त्यस धारालाई नीलीशालाप्रणाली [८८] ( = नीलीशालाको धारा ) भनेकोबाट बुझिन्छ । यताबाट नक्साल शब्द नीलीशालाको अपभ्रंश हो भन्ने पनि अडकल गर्न सकिन्छ। वि. सं. ६६८ मा सारिएको सौरसंहिता भन्ने पुस्तकमा श्रीनीनीसालायां निवासन:[८९] (=श्रीनीनीशालामा बस्नेको ) भनी लेखिएको पनि नक्साल इलाकालाई नै बुझाएको हो भन्ने देखिन्छ । यो इलाका मुकुन्द सेनले यहाँ हमला गरे ताका अर्थात् वि. सं. १५८२ ताका ननिसाल कहिन्थ्यो र यहाँ मुकुन्द सेनको फौजले आगो लाएको थियो भन्ने कुरा यस टिपोटबाट बुझिएको छ । [९०]

लिच्छविकालमा धर्मस्थली गाउँ बसिसकेको थियो भन्ने कुरा संवत् ५१७ (वि. सं.६५३)मा शिवदेव र अंशुवर्माले त्यहाँका बासिन्दाहरूलाई संबोधन गरी राखेको शिलापत्रबाट बुझिन्छ तापनि त्यस गाउँको प्राचीन नाउँ के थियो भन्ने कुराचाहिँ त्यस शिलापत्रमा गाउँको नाउँ फुटिसकेको हुनाले थाहा पाइँदैन । [९१] धर्मस्थली गाउँमा पनि मुकुन्द सेनको सेनाले आगो लाएको कुरा यस टिपोटबाट बुझिएको छ ।

विष्णुमतीको पश्चिम किनारमा भीमसेनस्थानबाट ताहाचल जाने बाटोमा रहेको खुसि-बहिलमा पनि मुकुन्द सेनको सेनाले आठ पटकसम्म आगो लाउन खोजेको, तर आगोले नटिपेको कुरा यस टिपोटमा लेखिएको छ। श्री ५ को सरकारले संयुक्त राष्ट्रसङ्घसँग मिली तयार गरेको नेपालखाल्डोका प्राचीन मन्दिर विहार आदिको सूचीपत्रमा यस विहारको पहिलो उल्लेख कहाँ कसरी आउँछ भन्ने विषयमा केही लेखिएको छैन र यहाँको सबभन्दा पुरानो लिखत वि. सं.

---

८८. लिच्छविकालका अभिलेखको, ३५४ पृ.

८९. वि. सं. १९६२ मा कलकत्ताबाट बाप्टिस्ट मिशन प्रेसद्वारा प्रकाशित हरप्रसाद् शास्त्रीको ए क्याटअलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्टइड् पेपर् म्यानुस्क्रिप्ट्स् बिलङ्गइङ्ग टु द डरबार् लाइब्रेरि नेपाल् ( नेपाल राजकीय पुस्तकालयमा रहेका ताडपत्रमा लेखिएका पुस्तक र कागत-मा लेखिएका छनौट पुस्तकहरूको सूचीपत्र ) को पहिलो भागको ४४ पृ.

९०. गोपालराजवंशावलीअनुसार नरेन्द्रदेवपछि राजा हुने शिवदेवले नन्दिशालामा विहार बना-एका थिए। ( हिमवत्संस्कृति १ अङ्कको ११ पृ. )

९१. लिच्छविकालका अभिलेखका २५७-२५८ पृ.

१७३८ को छ भनी त्यहाँ लेखिएको छ।[९२] यस कारण हाम्रो यस टिपोटमा आएको खुसिबहिलको चर्चा लिखतहरूमा पाइने खुसिबहिलका चर्चामध्ये सबभन्दा पहिलो हुनु धेरै सम्भव छ ।

मुकुन्द सेनको हमलाको विषयमा गरिएको यस टिपोटमा भादगाउँको इलाकाका ठिमी र बोडेमा मुकुन्द सेनको सेनाले आगो लाएको बयान गरिए तापनि खास भादगाउँ शहरमा मुकुन्द सेनको हमला भएको कुरा यस टिपोटमा नपरेकोले खास भादगाउँ शहरभित्र पाल्पाली सेना पस्न नसकेको देखिन्छ ।

आफूभन्दा पहिले यहाँ हमला गर्ने तिरहुते,[९३] खस[९४] र मुसलमानहरूले[९५] जस्तै पाल्पाली-हरूले पनि यहाँका राजा प्रजाहरूलाई कायल पार्न आगो लाउने नीति लिएका थिए भन्ने कुरा पाल्पालीहरूले ठाउँठाउँमा आगो लाएकोबाट बुझिएको छ । शमसुद्दीन विधर्मी भएकाले उनले शैव र बौद्ध दुवै मतका मन्दिरलाई आफ्नो आक्रमणका शिकार बनाएका थिए भन्ने कुराको स्पष्ट प्रमाण पाइएको छ । यसैले पशुपति जस्तो प्रसिद्ध शैव मन्दिर सुद्धा पनि उनको मारबाट बच्न सकेको थिएन र पशुपतिको लिङ्गलाई मुसलमानहरूले तीन टुक्रा पारिदिएका थिए । यसै गरी स्वयम्भू जस्तो प्रसिद्ध चैत्य पनि शमसुद्दीनको फौजले भत्काएको थियो र त्यहाँ आगो पनि लगाएको थियो । खसहरू बौद्ध शैव दुवै धर्म मान्ने हुनाले[९६] यिनीहरूले नेपालखाल्डोमा हमला गरी गाउँका गाउँमा आगो लाए तापनि मुसलमानहरूले जस्तो यहाँका देवस्थलहरूलाई यिनीहरूले नष्ट भ्रष्ट गरेनन् र उल्टो यिनीहरूले पशुपति, स्वयम्भू र राता मच्छिन्द्रको पूजाआजा गरे।[९७] विधर्मी नभए तापनि डोयहरूले चाहिँ सबभन्दा पछिल्लो पटक हमला गर्दा अर्थात् वि. सं. १३६८ को हमलामा यहाँका देवस्थलमा आगो लाउने, भत्काउने, देवस्व हरण गर्ने काम गरेका थिए भन्ने कुरा यहाँनिर स्मरणीय छ।[९८] पशुपतिमा नुहाउन जाने पाल्पालीहरूले बौद्ध देव-स्थल सिम्भू, भगवान्‌बहाल र खुसिबहिलमा आगो लाउन पुगेको देखिएकोले यस विषयमा केही विचार गर्नुपरेको छ ।

वि. सं. १३४४ पौषमा जितारि मल्लले यहाँ हमला गर्दा सिम्भूमा आठ सय खसहरूलाई

---

९२. काठ्मान्डु भ्यालइ २ भागको १०७ पृ.

९३. पूर्णिमा ४ अङ्कका २५–२६ पृ.

९४. पूर्णिमा ६ अङ्कका २२–२३, २५–२६ पृ.

९५. पूर्णिमा ८ अङ्कका ८–१० पृ.

९६. कर्णाली प्रदेश एक बिटो अध्ययनका ५८–६१ पृ.

९७. पूर्णिमा ६ अङ्कका २२–२३ पृ.

९८. पूर्णिमा ४ अङ्कका २६–२७ पृ.

सिद्धथाएर सबै मानिस वन पसे भनेर गोपालराजवंशावलीमा लेखिएकोले सिम्भूको जङ्गल वन-दुर्गरूपको थियो भन्ने देखिन्छ।[९९] यस कारण सिम्भूमा मुकुन्द सेनको सेनाले आगो लायो भनी यस टिपोटमा लेखिएकोले सो वनदुर्ग तोड्न पाल्पाली सेनाले आगो लाएको अनुमान हुन्छ।

पुरानो समयमा काठमाडौँ शहर कसरी बसेको थियो र यसको विस्तार कति थियो भनी सम्झाउने काम आजभोलि भाद्रशुक्ल द्वादशीले बर्सेनि गर्ने गरेको छ। मरेको वर्ष दिन नपुगेका आफ्ना नातेदारहरूको सम्झनामा काठमाडौँका बासिन्दाहरू इन्द्रजात्राको दुइ दिनअगाडि वामन-द्वादशीको दिन साँझपख फूल अक्षता छर्दै, धूप बत्ती बाल्दै, स्तोत्र पाठ गर्दै काठमाडौँ शहर घुम्ने गर्छन् र यो विधि उपाउ वनेगु अर्थात् देश घुम्ने भन्ने नाउँले प्रसिद्ध छ। यसरी देश घुम्दा शहरमा जहाँ मन लाग्यो उहीँ नघुमी निश्चित बाटो भई घुम्ने चलन छ र यो देशघुमाइ कुनै वेलाको शहरको बाहिरी भाग भएर हुने गर्छ भन्ने कुरा देश घुम्दा पर्ने बाटाघाटा आदिबाट बुझ्न सकिन्छ।[१००] यसरी देश घुम्दा उत्तरपट्टि ठहिटीसम्म मात्र घुम्नुपर्ने हुनाले ठमेल खास शहरभन्दा बाहिर पर्थ्यो भन्ने कुरामा सन्देह छैन। प्राचीनकालमा शत्रुबाट शहरको रक्षा होस् भनी शहरको चारैतिर पर्खाल लाई शहर घेर्ने चलन थियो। काठमाडौँ कब्जा गर्न भनी आएको गोरखाली फौजले यस्तो पर्खाल भएकोले उत्तरपट्टि पर्खालबाहिर रहेको ठमेलमा वि. सं. १८२५ भाद्र २२ गते अधिकार जमाउन सके[१०१] तापनि शहरभित्र पस्न आश्विन १३ गते[१०२] नभई सकेन भन्ने कुरा यस प्रसङ्गमा स्मरणीय छ। यस कारण उत्तरपट्टि शहरभन्दा ठीक बाहिर प्रसिद्ध बौद्ध देवस्थल थंबहिलमा शहरभित्र पस्ने उद्योगको सिलसिलामा मुकुन्द सेनले आगो लाएको अडकल हुन्छ।

पश्चिमपट्टि शहरबाहिर विष्णुमतीपारि रहेको खुसिबहिलमा चाहिँ काठमाडौँ शहर छोडेर जानुपरेको झोँकमा मुकुन्द सेनको सेनाले आगो लाउन खोजेको अडकल हुन्छ। पाल्पाली सेनाले

---

९९. वि. सं. २०२६ माघ २२ गतेको गोरखापत्रमा छापिएको धनवज्र वज्राचार्यको वनदुर्ग भन्ने निबन्ध

१००. यस विषयमा अर्को निबन्धमा विचार गरिनेछ।

१०१. वि. सं. २०२४–२०२६ मा काठमाडौँबाट श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवा-लयद्वारा प्रकाशित श्रीबाबुराम आचार्यको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीका ५००, ५२३ पृ.

१०२. वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ८७७–८८० पृ.

आठ पटक आगो लाउन खोज्दा पनि आगोले नटिपेको खसिबहिल निकै बलियोसँग बनाएको देखिन्छ र इटुम्बहाल जस्तै यहाँ पनि किल्ला हुनु सम्भव देखिन्छ ।

बहालहरूभित्र राखिएका देखाउन लायकका वस्तु सर्वसाधारणलाई देखाउन भनी सालिन्दा श्रावण-शुक्ल द्वादशीको दिन बाहिर झिकी सात दिनसम्म देखाइने चलन छ । यस चलनलाई नेवारी भाषामा बहि बोय अर्थात् बहिल देखाउने भनिन्छ । आजभोलिको भाषामा प्रदर्शनी भने हुने बहि बोयमा इटुम्बहालमा एउटा पौभा पनि देखाइने गरिन्छ । वंशावलीमा लेखिएकै छाँटले[१०३] इटुम्बहालको स्थापनाको विषयमा नेवारी भाषामा सचित्र कथा लेखिएको त्यस पौभामा मुकुन्द सेनले हमला गरेको कुरा पनि परेको छ ।[१०४] " मुकुन्द सेन राजाले . . . यहाँ ठाउँठाउँमा आगो लाउँदै आए . . . यहाँ नेपालका प्रजाहरू सबै . . भागे यहाँ मगरका राजा मुकुन्द सेनका सबै ( फौज ) जम्मा भएर इटुम्बहालमा सुनको छाना देखेर यस ठाउँमा बसौँ भनेर . . . नबिगारीकन बसे"[१०५] भनी त्यस पौभामा लेखिएकोले मुकुन्द सेनले इटुम्बहालमा किल्ला जमाएको अनुश्रुति रहेछ भन्ने बुझिन्छ । यस प्रसङ्गमा इटुम्बहालमा पहिलेदेखि किल्ला रहेर आएको कुरा गोपालराजवंशावलीबाट बुझिने कुरा स्मरणीय छ ।[१०६] वि. सं. १६४६ मा लेखिएको महर्ग निवारण भन्ने पुस्तकमा[१०७] "अगाडि नयपाली महाराजका पालातक् नेपाली फौज जमा हुने टुडीपेल् इटम्बहाल् रहेछ"[१०८] भनी लेखिएकोले मल्लकालमा सैनिक अभ्यास इटुंबहालमा हुनथ्यो भन्ने कुराको अनुश्रुति पछिसम्म चलेर आएको बुझिन्छ । इटुम्बहालको निर्माणशैली साङ्ग्रामिक दृष्टिले दुर्गको रूपमा बनाइएका मल्लकालका दरबारको जस्तै हुनु यस प्रसङ्गमा स्मरणीय छ । यी सबै कुराबाट धार्मिक र साङ्ग्रामिक दुवै महत्त्व भएको इटुम्बहालमा पनि मुकुन्द सेनको सेनाले कब्जा गरेको अनुश्रुति भएको

---

१०३. राइटको हिस्टरि अफ नेपाल्का १६७–१७० पृ.

१०४. यस पौभाको ईअन एल्सपको सङ्ग्रहमा रहेको फोटो हामीले हेरेका छौँ ।

१०५. यस अंशको अनुवादरहित मूल वाक्य वि. सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित गौतमवज्र वज्राचार्यको हनूमान्ढोका राजदरबारको ३८ पृष्ठमा छापिएको छ ।

१०६. हनूमान्ढोका राजदरबारको ३८ पृ.

१०७. वि. सं. २०३० मा त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित देवीचन्द्र श्रेष्ठद्वारा सम्पादित महर्ग निवारणको मूल भागको १ पृ.

१०८. उही ८ पृ.

कुरा बुझिएको छ । त्यस पौभामा "मस्युंकुस्य . . . वास यात = नबिगारीकन बसे" भनी लेखिए-कोले इटुम्बहालचाहिँ नष्ट भ्रष्ट हुनुबाट बचेछ कि भन्ने देखिन्छ ।

मुकुन्द सेनले इटुम्बहालको दीपङ्कर तथागतको मूर्तिलाई धर्मच्छत्र चढाएका थिए भन्ने अनुश्रुति भएको कुरा यस प्रसङ्गमा स्मरणीय छ । मुकुन्द सेनले चढाएको भनी कहिएको सो छत्रको दण्डी अझसम्म पनि इटुम्बहालमा छ र त्यसलाई मुकुंछत्र भन्ने चलन छ भन्ने कुरा पनि यस प्रसङ्गमा उल्लेखनीय छ ।[१०९]

इटुम्बहालसम्बन्धी यस अनुश्रुतिमा विश्वास गर्ने हो भने मुकुन्द सेन बौद्ध धर्मविरोधी थिएनन् र बौद्ध देवतालाई पनि आदर गर्थे भन्ने कुरा बुझिन्छ र सिम्भू, भगवान्बहाल र खुसिबहिलमा उनले बौद्ध धर्मको विरोधमा आगो लाएका होइनन् र साङ्ग्रामिक कारणले गर्दा ती बौद्धस्थलमा उनले आगो लाउन गएका हुन् भनी हामीले माथि गरेको तर्कलाई यस अनुश्रुतिबाट बल मिल्न जान्छ ।

मुकुन्द सेनले इटुम्बहालमा केही बिगारेनन्, उल्टो उनले इटुम्बहालमा दीपङ्कर तथागत-लाई छत्र चढाए भन्ने अनुश्रुति भए जस्तै उनले अरू बौद्ध देवस्थलका देवतालाई नष्ट भ्रष्ट गरेको अनुश्रुति पनि नभएको होइन भन्ने कुरा यहाँ हामीले सम्झनुपरेको छ ।

इटुम्बहालभन्दा पश्चिमपट्टि रहेको अर्को ठूलो बहाल यट्खाबहालमा पनि मुकुन्द सेन हमला गर्न पुगेका थिए र त्यहाँको बुद्धमूर्ति पाल्पालीहरूले लुटेर लगे भन्ने अनुश्रुति अहिलेसम्म पनि रहिआएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।[११०]

मगर राजाले नेपालखाल्डोमा हमला गरी सेता मछिन्द्रको मूर्ति लुटेर लगे भन्ने अनुश्रुति पनि यस सन्दर्भमा हामीले सम्झनुपरेको छ ।[१११]

मुकुन्द सेनले यहाँ हमला गर्दा देवताहरूका मन्दिर भत्काए, देवताहरूका मूर्ति तोडफोड

---

१०९. वि. सं. २०३६ मा काठमाडौँबाट जगत्धर तुलाधरद्वारा प्रकाशित हेमराज शाक्यको सम्यक् महादान गुथि (सम्यक् महादान गूठी)को २१ पृ.

११०. वि. सं. २०३५ मा काठमाडौँबाट येटखाबाहाः- आर्यनामसंगीति गुठीद्वारा प्रकाशित हेमराज शाक्यको श्रीभास्करकीर्ति महाविहार येटखाबाहाः छगु अध्ययन (श्रीभास्करकीर्ति महाविहार यट्खाबहाल एक अध्ययन) का २६–२७ पृ.

१११. वि. सं. २०३६ मा काठमाडौँबाट त्रिचन्द्र क्याम्पसको नेपाल भाषा साहित्य पालाद्वारा प्रकाशित नेवारी भाषाको वार्षिक पत्र जः (ज्योति) मा छापिएको राजा शाक्यको भाय् व इतिहासया पौभाः जमबाहाःद्यो (भाषा र इतिहासको पौभा-सेतो मछिन्द्रनाथ) भन्ने निबन्ध, सो अङ्कका १७१–१७२ पृ.

गरे र मछिन्द्रनाथको जात्रामा झिकिने भैरवको मूर्ति उखेलेर पाल्पा लगे भनी वंशावलीमा लेखिएको कुरा यस प्रसङ्गमा सम्झनु उपयुक्त देखिन्छ । वंशावलीको यस लेखाइबाट मुकुन्द सेनले देवमन्दिरहरूलाई सुद्धा बाँकी राखेनन् र मुसलमानहरूले जस्तै देवमूर्ति तोडफोड गरे भन्ने भाव हाम्रो मनमा चढ्न पुग्छ । वंशावलीमा मुकुन्द सेन राता मछिन्द्रमा पनि हमला गर्नेवाला थिए, तर उनले मछिन्द्रको दैवी प्रभाव प्रत्यक्ष देखेकाले उनीबाट राता मछिन्द्रमाथि कुनै विघ्न हुन पाएन र उल्टो उनले सुनको माला राता मछिन्द्रलाई चढाए भन्ने कुरा पनि लेखिएको छ ।

तात्कालिक प्रामाणिक लिखतमा मुकुन्द सेनले बौद्ध देवस्थल सिम्भू, भगवान्बहाल, खुसिबहिलमा आगो लाएको र शैव देवस्थल पशुपतिमा भने नुहाउन गएको लेखिएकोले मुकुन्द सेन बौद्ध धर्मविरोधी हुन् कि भन्ने भाव हाम्रो मनमा चढ्न आउँछ । वंशावलीको बयानबाट मुकुन्द सेनले कुनै मतविशेषको पक्ष नलिई उनी मुसलमान जस्तै मूर्तिभञ्जक देखिन्छन् । तर तात्कालिक प्रामाणिक लिखतमा उनको मारमा बौद्ध देवस्थल मात्र परेको चर्चा आएको र अनुश्रुतिचाहिँ कुनै बौद्ध देवस्थलको उनले संमान गरेको र कुनै बौद्ध देवस्थल उनको मारमा परेको थाहा हुन गएको छ । जे होस्, यस विषयमा ठोकेर बोल्न अहिले पाइएका सामग्रीको आधारमा सकिँदैन् ।

छ

ने. सं. ६४५ माघ ( वि. सं. १५८१ ) तथा ने. सं. ६४६ फाल्गुन ( वि. सं. १५८२) मा मुकुन्द सेनको नेपालखाल्डोमा आक्रमण भएको कुरा माथिका वर्णनबाट स्पष्ट भएको छ । सो वर्णनबाट मुकुन्द सेनले कीर्तिपुर, पाटन, चापागाउँ, ठिमी, बोडे, काठमाडौँ, सिम्भू, ठमेल, नक्साल, धर्मस्थली, थानकोट, सिंक्वाठ, अग्लग्राम तथा चन्द्रागिरिमा आक्रमण गरेको देखिन्छ । त्यहाँ पशुपतिमा मगरहरू ( मुकुन्द सेनका मानिसहरू ) नुहाउन गएको तथा चाँगुमा २ जना मगर समातिएको कुरा परेको छ । यसरी नेपालखाल्डोका काठमाडौँ, पाटन, भक्तपुर यी तीनै ठाउँमा मुकुन्द सेनको आक्रमणको असर परेको देखिन्छ ।

मुकुन्द सेनको नेपालखाल्डोमा आक्रमण हुँदा यहाँ को शासक थिए भन्ने वर्णन सो उद्धरणमा छैन । यसरी त्यस वेला यहाँ कसको शासन चलेको थियो, केही बुझिँदैन । यस कारण अरू तात्कालिक सामग्रीबाट यसमा केही प्रकाश पार्न सकिन्छ कि भनी अब विचार गरिन्छ ।

सर्वप्रथम काठमाडौँको विषयमा विचार गरिन्छ ।

वि. सं. १५७७ मा काठमाडौँका राजा रत्न मल्लको मृत्यु भएपछि [११२] उनका छोरा सूर्य

११२. इतिहास-संशोधनको प्रमाणप्रमेयको १४० पृ.

मल्ल राजा भएका र उनको मृत्यु वि. सं. १५८६ मा भएकोले [११३] मुकुन्द सेनको आक्रमण हुँदा अर्थात् वि. सं. १५८१, १५८२ मा काठमाडौँमा सूर्य मल्ल राजा हुनुमा सन्देह छैन ।

अब भक्तपुरतिर लागौँ ।

ने. सं. ६४४ भाद्र ( वि. सं. १५८१ ) को ठैबको एउटा अभिलेखमा जीत मल्ल र प्राण मल्लको वजयराज्यमा भनी लेखिएको छ । [११४]

ने. सं. ६४८ भाद्र ( वि. सं. १५८५ ) मा सारिएको श्रीमद्भागवतटीकामा प्राण मल्लको विजयराज्यमा भनी लेखिएको छ । [११५]

ने. सं. ६५४ कार्तिक ( वि. सं. १५९० ) मा सारिएको खण्डखाद्यटीकामा जीत मल्ल र प्राण मल्लको विजयराज्यमा भनी लेखिएको छ। [११]

यी सबै कुरा विचार गर्दा मुकुन्द सेनको आक्रमण भएको वेला ( वि. सं. १५८१ तथा १५८२ मा ) भक्तपुरमा जीत मल्ल र प्राण मल्लको संयुक्त शासन रहेको देखिन्छ ।

अब पाटनको विषयमा विचार गरौँ ।

ने. सं. ६३५ ज्येष्ठ ( वि. सं. १५७२ ) को कीर्तिपुरको ठूलो चैत्यको अभिलेखमा पाटनमा रत्न मल्ल, रण मल्ल, राम मल्लको विजयराज्यमा भनी लेखिएको छ । सोही अभिलेखमा यस वेला प्रधान महापात्र जगत्नारायण छन् भनी लेखिएको छ । [११७]

ने. सं. ६५६ वैशाख ( वि. सं. १५९३ ) को पाटन सुबहालको अभिलेखबाट प्रधान महापात्र विष्णुसिंह स्वतन्त्र शासकका रूपमा देखिन्छन् ।[११८]

यी कुरा विचार गर्दा मुकुन्द सेनको आक्रमण हुँदा (वि. सं. १५८१ तथा १५८२ मा ) पाटन महापात्रहरूको शासनअन्तर्गत रहेको बुझिन्छ ।

---

११३. वि. सं. २०२१ मा प्रकाशित पूर्णिमा ३ अङ्कमा छापिएको शङ्करमान राजवंशीको नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्ति हुन् भन्ने निबन्ध, सो अङ्कको ३१ पृ.

११४. मेडिईभल् नेपाल् २ भागको २०७ पृ.

११५. मेडिईभल् नेपाल् २ भागको २०७ पृ.

११६. वि. सं. २०३४ मा त्रिभुवनविश्वविद्यालयको संस्कृतअध्ययनसंस्थानको वाल्मीकिविद्यापीठद्वारा प्रकाशित मर्यादाको १३ अङ्कमा छापिएको दिनेशराज पन्तको आश्चर्य तथा उत्तर भन्ने निबन्ध,सो अङ्कका ८८-९० पृ.

११७. इतिहास-संशोधनको प्रमाणप्रमेयको ८ पृ.

११८. इतिहास-संशोधनको प्रमाणप्रमेयका ११-१२ पृ.

यसरी मुकुन्द सेनको आक्रमण भएको वेला कान्तिपुरमा सूर्य मल्लको शासन, भक्तपुरमा जीत मल्ल र प्राण मल्लको संयुक्त शासन तथा पाटनमा महापात्रहरूको संयुक्त शासन रहेको स्पष्ट हुन्छ।

सात

भक्तपुरका राजा प्राण मल्लको विरोधमा काठमाडौँका राजा नरेन्द्र मल्ल ( अमर मल्ल ), भादगाउँको राजखलकका असन्तुष्ट मानिसहरू, पाटनका महापात्र, फर्पिङ्का रावुत्त र दोलखाका भारोहरूले वि. सं. १६०५ मा एकानमित्र एकानशत्रु गरी सन्धि गरेका थिए।[११६] त्यस सन्धि-पत्रमा एक ठाउँमा मगरहरूको चर्चा आएको छ। श्रीधनवज्र वज्राचार्य र श्रीटेकबहादुर श्रेष्ठले पढेअनुसारको पाठ र त्यसको उल्था यस प्रकारको छ–

मगरकम्सँस नवक्वाठलं थौलंन गोलंन वरसनों अर्थसामर्थन उ याङ गोलोटों प्रजंतननो मगरया बलाबल सोयाव धाङ हाथार याङन संश्रगन थेथ्य बेस मतस्यं सङ यंनेमाल

[ नुवाकोटको बाटो वा अरू बाटोबाट कार्बाइका लागि मगरहरू आए भने अर्थ सामर्थ विचार गरी एक भई मगरहरूको बलाबल विचार गरी आक्रमण प्रत्याक्रमण गरी पर-स्परमा नफुटी रहनुपर्छ। ]

( पशुपतिभण्डारमा रहेको वि. सं. १६०५ को ताम्रपत्रबाट। वि. सं. २०३२ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको नुवाकोटको ऐतिहासिक रूपरेखाको ४६ पृष्ठबाट )

यहाँका शासकहरू मगरहरूबाट पिरिएका थिए र मगरहरूले यहाँ बराबर हमला गर्ने गरेका थिए भन्ने कुरा सन्धिपत्रको यस वाक्यबाट बुझिएको छ।

श्रीधनवज्र वज्राचार्य र श्रीटेकबहादुर श्रेष्ठले सन्धिपत्रको यस वाक्यको व्याख्या पनि गर्नुभएको छ र सो यस प्रकारको छ–

त्यस सन्धिमा एक ठाउँमा प्रसङ्गवश नुवाकोटको पनि उल्लेख परेको छ। नुवाकोट रत्न-मल्लकै पालामा कान्तिपुरमा गाभिइसकेको हुँदा फेरि नुवाकोटको प्रश्न उठाउनु आवश्यक थिएन। तैपनि नुवाकोटभेकमा विरोधी पक्षको प्रभाव पर्न नपाओस् भनी नरेन्द्रमल्ल सावधान रहनु

---

११६. वि. सं. २०३१ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययन-संस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको दोलखाको ऐतिहासिक रूप-रेखाका ३२-३३ पृ.

स्वाभाविक थियो । विशेष गरेर नुवाकोटमार्फत गोरखाभेकका मगरहरूलाई उठाएर ल्याउने वा उनीहरूलाई गुहार दिने काममा विरोधी पक्षले हात हाल्न नपाओस् भन्ने कुरामा नरेन्द्र मल्ल सावधान रहेको देखिन्छ । यसै हुँदा पशुपतिको उक्त सन्धिको एक धारामा "नुवाकोटको बाटो वा अरू बाटोबाट कार्बाइका लागि मगरहरू आए भने अर्थ सामर्थ विचार गरी एक भई मगरहरूको बलाबल विचार गरी आक्रमण प्रत्याक्रमण गरी परस्परमा नफुटी रहनुपर्छ" भन्ने तोकिएको छ ।

यस बेलासम्म गोरखामा द्रव्यशाहद्वारा राज्यस्थापना भइसकेको थिएन; यसको केही वर्षपछि मात्र ( वि. सं. १६१६ मा ) गोरखामा द्रव्यशाहद्वारा राज्यस्थापना गर्ने काम हुन्छ । तर गोरखाका मगरहरूलाई द्रव्यशाहको आक्रमणको आशङ्का भइसकेको संकेत पशुपति-सन्धिको उक्त धाराबाट पाइन्छ । शायद मगरहरूले हामीलाई आवश्यक भए गुहार माग्न आउँछौं भन्ने आशयको कुनै पूर्वसूचना उपत्यकाका शासकहरूलाई दिएको बुझिन्छ । साथै भक्तपुरको पक्षले कान्तिपुरको विरुद्ध मगरहरूसंग गुहार माग्ने कार्य हुन नसकोस् भन्ने अर्को पक्षको कुराको संकेत पनि उक्त धाराबाट पाइन्छ । जे होस्; यस बेला नुवाकोटद्वारा उपत्यकाका शासकहरूको गोरखाका मगरहरूसंग कुनै किसिमको राजनैतिक सम्बन्ध रहेको कुरा पशुपति-सन्धिको उक्त धाराबाट थाहा पाइन्छ ।

( नुवाकोटको ऐतिहासिक रूपरेखाका ४६-४७ पृष्ठबाट )

श्रीधनवज्र वज्राचार्य र श्रीटेकबहादुर श्रेष्ठको यस व्याख्याअनुसार यी मगर गोरखाली थिए भन्ने बुझिन्छ । तर यो व्याख्या तर्क मात्र हो भन्ने कुरा यस विषयमा उहाँहरूले कुनै प्रमाण दिन नसक्नुभएकोले स्पष्ट हुन्छ । यस कारण सो सन्धिपत्रमा चर्चा गरिएका मगरहरू को हुन् भन्ने कुरामा बढी खोजी गर्नुपरेको छ ।

श्रीअमोघवज्र वज्राचार्यको सङ्ग्रहमा रहेको कर्मकाण्डको एउटा पुस्तकमा टिपिएको टिपोटबाट यस प्रश्नको समाधान गर्न मदत मिल्न गएको छ । वि. सं. १०४८ देखि वि. सं. १८२६ सम्मका केही घटना टिपिएको त्यस टिपोटमा एक ठाउँमा स ६६६ पारुपान श्रीमुकुस्यं राजा ओ ओ[१२०] [ = ने. सं. ६६६ ( वि. सं. १६०३ ) मा पाल्पाबाट श्रीमुकुन्द सेन राजा आए] भनी लेखिएकोले मुकुन्द सेनले वि. सं. १६०३ मा पनि नेपालखाल्डोमा हमला गरेको अनुमान हुन्छ । वि. सं. १६०३ मा मुकुन्द सेनले हमला गरेको चर्चा सो टिपोटमा पाइनु र वि. सं. १६०५

१२०. बाबुराम आचार्यद्वारा टिप्पणी हालिएको, योगी नहरिनाथद्वारा संस्कृत अनुवाद गरिएको, अमोघवज्र वज्राचार्यद्वारा नेपाली अनुवाद गरिएको यो टिपोट संस्कृत-सन्देश १ वर्ष १२ अङ्कको ८१ पृष्ठबाट झिकिएको हो ।

को सन्धिपत्रमा "मगरहरू आए भने ... एक भई मगरहरूको बलाबल विचार गरी आक्रमण प्रत्याक्रमण गरी परस्परमा नफुटी रहनुपर्छ" भनी लेखिनुले सन्धिपत्रको यस वाक्यले मुकुन्द सेनको हमलाको विषयमा सङ्केत गरेको बुझिन्छ ।

यतिसम्मका कुराबाट वंशावलीमा बयान गरिएको मुकुन्द सेनको हमला मनगढन्त कथा होइन, वास्तव घटना हो, तर मुकुन्द सेनको हमलाको समय वंशावलीमा दिइए जस्तो त्यति अघिको होइन, वि. सं. १५८१ र १५८२ हो भन्ने कुरा प्रामाणिक रूपमा सिद्ध भएको छ ।

( यो निबन्ध लेख्ने क्रममा मदत गर्नुभएकोमा श्रीठाकुरलाल मानन्धर, श्रीकाशीनाथ तमोट, श्रीगणेशराज पाण्डे, श्रीऐश्वर्यधर शर्मा र श्रीस्वस्तिप्रभा वज्राचार्यलाई यथोचित धन्यवाद छ । )

---

## बाँचनुको छ यति नै अब अर्थ

—नयराज पन्त

भोलि भोलि गरूँला यति भन्दा धेर काल बितिगो अब गन्दा ।
आयुको बहुत भाग बितेछ, कामचाहिँ अति थोर भएछ ।।१।।
देहको पनि घट्यो बल केही, छैन फेरि सुसहायक कोही ।
चित्त खोज्छ नव पुस्तक पढ्न, देहचाहिँ उति काम दिँदैन ।।२।।
नव्य नव्य कृति सङ्ग्रह गर्न चित्त खोज्छ तर पढ्न सकिन्न ।
सुन्दरी–युवति–सङ्ग्रहबाट हुन्छ लाभ कुन षण्ढनिमित्त ।।३।।
जे पढेँ जति पढेँ त्यतिलाई राम्ररी हृदयभित्र अड्याई ।
राखनलाइ अहिले छु समर्थ, खुल्दछन् अलिक वास्तव अर्थ ।।४।।
भोलि भोलि नगरूँ अबलाई, गर्न सक्छु जति जे त्यतिलाई ।
पूर्ण गर्न म सकूँ क्रमसाथ, बाँचनुको छ यति नै अब अर्थ ।।५।।

२०२७।२।२३।६

# १ परिशिष्ट

## वंशावलीको विषयमा भगवानलाल इन्द्राजीको विचार

यस वंशावलीमा इतिहाससम्बन्धी साँचा कुराका निकै अंश छन् तापनि सम्पूर्ण रूपमा यसको कत्ति पनि महत्त्व छैन भन्ने कुरा स्पष्ट छ । आफ्नो देशको इतिहासको पूरा दृश्य दिन खोज्ने भारतीय इतिवृत्तकारहरूले सधैँ गरे जस्तै, यो वंशावली लेखनेले आफ्नो वर्णनको थालनीलाई संसारका चार युग-सम्बन्धी आख्यानसँग र कुरु र पाण्डवहरूको बीचमा भएको ठूलो लडाइँका महाभारतसम्बन्धी परम्परासँग जोड्न कोशिश गरेका छन् । भरतखण्डको हरेक प्रान्तका पुराना राजाहरूले महाभारतको लडाइँमा लडेका थिए भन्ने सिद्ध गर्ने आफ्नो फिक्रीले गर्दा हिन्दूहरूले ट्रायको विजयमा लागेका यूनानी नेताहरूको होमरको सूचीमा यूनानको कुनै शहर वा गणतन्त्रका पौराणिक वीरहरूको नाउँ नपरेको खण्डमा सो शहर वा गणतन्त्रको बेइज्जती भयो भनी सम्झने पुराना यूनानीहरूसँग र आफ्नो जमानामा घटेका घटनाका मूल कारण होमरले बयान गरेका पौराणिक घटनाहरूमा खोज्न लहसिएका हिरोदोतस जस्ता यूनानका पुराना इतिहासकारहरूसँग पूरापूर सादृश्य जुटाउँछन् । तर यस प्रवृत्तिले यूनानीहरूको हकमा कुनै ठूलो नतीजा पैदा गरेको छैन र इतिहाससम्बन्धी भारतीय कृतिहरूको उपयोगिता भने प्रायः पूरापूर नष्ट गरेको छ । हामीलाई थाहा भए जति सबै हिन्दू इतिवृत्तकारहरूले चार युगका अवधि ज्योतिषीहरूले स्थिर गरेपछि लेखे र महाभारतको लडाइँ कलियुगको उठानमा ठहऱ्याए । इतिवृत्तकारहरूले जहिलेदेखिको घटना लेख्न शुरू गरे, त्यस वेलादेखि तिनीहरूको आफ्नो समयसम्म बितेका भनी ठानिएका धेरै लामा अवधि भर्न तिनीहरूसँग भएका राजाहरूका प्रामाणिक सूची एकदम अपुग भएकाले ती इतिवृत्तकारहरूले धेरै ऐतिहासिक राजाहरूको राज्यभोगको अवधि अनुचित तरीकाबाट मात्र लम्ब्याउन परेको[1] होइन कि सामानकालिक राजवंशहरूलाई एकपछि अर्को राख्ने र पुराण र माहात्म्यहरूमा उल्लेख गरिएका पौराणिक राजाहरूलाई पनि सूचीमा राख्ने काम गर्नुपऱ्यो ।

यी कारणबाट साँचो कुरा त बाङ्गिने भई नै हाल्यो, यसको साथै आआफ्ना देशमा चलेका नानाथरीका संवत्हरूको विषयमा इतिवृत्तकारहरूले गरेका भूलबाट कम्ती ठूला नतीजा आएका छैनन् । खालि दुइ संवत्को अर्थात् विक्रमादित्यको संवत् र वि. सं. १३५ देखि चलेको शालिवाहनको संवत् वा शकसंवत्को मात्र प्रयोगमा बानी परेका अचेलका हिन्दू रचयिताहरू आफ्ना सामग्रीमा

१. राजतरङ्गिणीमा कल्हणले छकापञ्जा नगरी गरेका दोषस्वीकार हेर्नुहोस् ।

भएका संवत्‌हरूलाई यी दुइमध्ये एक भन्ने अर्थ गरिछोड्छन्। प्राचीन भारतमा अरू अनेकन संवत् पनि चलनचलतीमा भएको र शब्द उही, तर अर्थ फरक भएको नाउँ भएका विभिन्न राजाहरू भएको कुरा प्रायः तिनीहरू बिलकुलै वास्ता राख्दैनन। संवत चलाउनेहरूलाई विक्रमादित्य भन्ने भारतीय वाक्पद्धति भएकोले दुइ तीन जना विक्रमादित्य भएको यसको उदाहरण हो।

यसरी हुन गएका गलती नेपाली वंशावलीमा छर्लङ्ग देखिन्छन्। वंशावली लेख्नेले चर्चा गरेको पहिलो राजवंश कृष्णले नेपालमा ल्याएका धर्मात्मा गोठालाहरूबाट उत्पत्ति भएको हो भनी भनिएको छ। ती सबै राजाहरू बाबुपछि छोरा राजा भएका छन् र तिनीहरूका राज्यकाल निकै लामा छन्।

तिनीहरूको विषयमा बयान गरिएका कुरा पूरापूर गलत हुनु मात्र होइन कि त्यो राजवंश पनि हुँदै नभएको हुनु धेरै सम्भव छ। ती नाउँ कुनै पुराण वा माहात्म्यबाट लिएको देखिन्छ र नेपालका राजाहरूको प्रामाणिक सूचीमा थपेको देखिन्छ। अहीरहरू पनि गोठाला नै भएकाले र पुराणहरूमा कृष्णका सँगी र भक्त भनी चर्चा गरिएकाले यही कुरा दोस्रो, कम समय राज्य गर्ने अहीरहरूको वंशको विषयमा पनि लाग्छ। यसपछि आउने राजवंश किरातहरूको विषयमा भने कुरा भिन्नै छ। किरातहरूको देश हिमालय हो र यस कारण यिनीहरूले नेपालमा प्राचीन समयमा दखल जमाउनु सम्भव छ। यसो भए तापनि यस जातिका २९ राजालाई १११८ वर्ष छुट्याएको भने अति हो। किनभने जीवनबीमा गर्ने कम्पनीहरूका तथ्याङ्कसारणीहरूले देखाएअनुसार भारतमा १ पुस्ताको भागमा बढीसेबढी २६ वर्ष मात्र पर्छ। ती सबै उनन्तीसै राजाले बाबुपछि छोराको क्रमले राज्य गरेका हुन् भने तिनीहरूले छ सात सय वर्षभन्दा बढी राज्य गर्नु सम्भव छैन। अरू, शाक्यमुनि त्यस वंशका सातौँ राजा जितेदास्तिको समयका हुन्; अशोक त्यस वंशका चौधौँ राजा स्थुङ्कोको पालामा नेपाल आए अर्थात् उनले आफ्नो राज्य नेपालसम्म फैलाए भन्ने कुरामा केही सत्यता छ भने त्यताबाट ती राजाहरूको राज्यभोग मनपरीसँग लम्ब्याइएको रहेछ भन्ने कुराको स्पष्ट प्रमाण पाइन्छ। किनभने वंशावली लेख्ने मान्छे वज्रयानी भएकोले उसलाई एकजना मात्र अशोक थाहा हुनु सम्भव छ र उसले अशोकलाई शाक्यमुनिको निर्वाण भएको एक शय वर्षपछि राख्यो। सातौँ राजा जितेदास्ति र चौधौँ राजा स्थुङ्कोको बीचमा एक शय वर्षको मात्र फरक भयो भने २९ राजाले १११८ वर्ष राज्य गरे भन्ने भनाइको असङ्गति अझ बढी स्पष्ट हुन्छ। आखिरमा, यी दुइ तुल्यकालत्व ऐतिहासिक हुन् भने किरातवंशको प्रारम्भ केही हजार वर्षअगाडि पर्न गएको ठहर्छ। किनभने शाक्यमुनिको निर्वाण वास्तवमा वि. पू. पाँचौँ शताब्दीमा भएको हो। यही कुरा सोमवंशी र सूर्यवंशी राजवंशमा लाग्छ। तिनको विषयमा पनि धेरैजसा राज्यभोग अति नै लामा छन् र तिनलाई निकै अगाडि राखिएको छ। पछिल्लो कुरा उत्कीर्णलेखहरूद्वारा बढी स्पष्ट हुन्छ। उत्कीर्णलेखहरूअनुसार सूर्यवंशी राजवंशका एक्काइसौँ राजा मानदेवले नाउँ नदिइएको कुनै संवत्का ३८६ देखि ४१३ सम्म राज्य गरे र ती उत्कीर्णलेखका लिपिबाट यो समय

विक्रमका चारौँ वा पाँचौँ शताब्दीमा पर्छ भन्ने देखाउँछ । तर त्यसो भए तापनि वंशावलीमा मानदेवका नाति वसन्तदेव वर्माले कलिगत २८०० वा, वि. पू. २४४ मा श्रीपेज पहिरे भनी लेखिएको छ । अर्को अर्थात् ठकुरी वंशको विषय त झन् खराप छ । यसका संस्थापक अंशुवर्मा कलिगत ३००० वा वि. पू. ४४ मा राखिएका छन्, हुनत उज्जैनका विक्रमादित्य – यिनको राज्याभिषेक हिन्दूहरू अक्सर वि. सं. को उठानमा राख्छन् – अंशुवर्माभन्दा अघिल्ला राजाको पालामा नेपाल गएका थिए भनी लेखिएको छ । यस मितिको विरुद्ध हामीसँग हु आन साङको वि. सं. ६६४ मा भएको उनको उत्तरभारतको भ्रमणको केही अगाडि वा त्यसैताका अंशुवर्मानाउँका विद्वान् राजाले राज्य गरे भन्ने भनाइ छ । अभ्र, अंशुवर्माका उत्कीर्णलेख र वंशावलीमा विशेष गरेर चर्चा गरिएको विभुवर्माको उत्कीर्णलेखका[२] अक्षर विक्रमका छैटौँ वा सातौँ शताब्दीका मात्र हुन सक्छन् । यस राजवंशको विषयमा वंशावलीमा दिइएको बयानमा रहेको गोलमालका बढी उदाहरण छैनन् भने पनि अंशुवर्माका सातौँ उत्तराधिकारी वरदेवले कलिगत ३६२३ वा वि. सं. ५७६ मा राज्य गरे भनी लेखिएकोपट्टि औँल्याउनु नै मनग्य होला । यसरी छ सय वर्षमा सात पुस्ता बितेको हामी देख्छौँ । वरदेवको समयको लगत्तै पछि राज्यभोग अकस्मात् ठीकका हुन्छन् र आठ पुस्तालाई दुइ सय वर्ष दिएर ठकुरी जातिका पन्त्रौँ राजा, काठमाडौँका संस्थापक गुणकामदेव कलिगत ३८२४ वा वि. सं. ७८० मा राखिएका छन् । यस कारण वंशावलीको यो भाग केही विश्वसनीय हुन सक्छ र वरदेवका उत्तराधिकारीको इतिहासको लागि केही प्रामाणिक सामग्री वंशावली लेख्नेसँग थियो भनी मान्न सकिन्छ । तर विक्रमका सातौँ र आठौँ शताब्दीका हाम्रा उत्कीर्णलेखका नाउँसँग वंशावलीका नाउँ कुनै तरहले पनि दुर्भाग्यवश मिल्दैनन् । उसमाथि, गुणकामदेवका लगत्तै पछिका उत्तराधिकारी, वंशावलीअनुसार नवौँ शताब्दीमा हुनुपर्ने भोजदेव र लक्ष्मीकामदेवले लेखोट पुस्तकहरूका पुष्पिकाअनुसार दुइ सय वर्षपछि वि. सं. १०७१ र १०९६ को बीचमा राज्य गरे । यति मात्र होइन, सातौँ र आठौँ राजवंशका राजाहरूले अर्थात् वैश ठकुरीहरूले तथा फेरि अधिकारमा आएको अंशुवर्माको[३] वंशले बाह्रौँ शताब्दीको उठानदेखि चौधौँ शताब्दीको आधाआधीसम्म राज्य गरे तथा सातौँ राजवंशका सबभन्दा पछिल्ला राजा अनन्त वा आनन्द मल्ल र दशौँ राजवंशका [आफूले दिएको वंशावलीको सारांशअनुसार आठौँ र एघाह्रौँ राजवंश हुनुपर्नेमा भ्रमवश सातौँ र दशौँ राजवंश भनी भगवानलाल इन्द्राजी यहाँ लेख्न पुगेका छन् । ] सातौँ राजा जयस्थिति मल्लको बीचमा खालि सत्तरी वर्षको मात्र फरक छ भन्ने कुरा लेखोट पुस्तकका तिथिमिति-

---

२. राइटको नेपालको १३४ पृ.

३. बेन्डलको क्याट्अलग् अफ् द बुड्इस्ट् म्यानुस्किप्टस् इन् द केम्ब्रिज् लाइब्रेरि ( केम्ब्रिज पुस्तकालयमा रहेका बौद्ध लेखोट पुस्तकहरूको सूची ) को १२ पृ.

हरूले साबित गर्छन् । यसबाट के सिद्ध हुन्छ भने नवौँ शताब्दीको लागि वंशावलीमा दिइएको सूची अपूरो छ र भोजदेव र लक्ष्मीकामदेवदेखि राजाहरूका शासनमा साँच्चिको मितिभन्दा अघिको मिति हालेर लुकाइएका ठूलठूला अन्तर छन् । वंशावलीअनुसार शकसंवत् ८११ वा वि. सं. ९४६ मा नेपाल जित्ने नान्यदेवको कर्णाटकवंशको विषयमा कुनै निश्चित निष्कर्षमा आउन कठिन छ । जर्मनीको प्राच्यविद्यापरिषद्को ६ सङ्ख्याको लेखोट पुस्तकमा रहेको पुस्तैवारीमा[४] नान्यदेवको सिंहासनारोहण शकसंवत् १०१९ वा वि. सं. ११५४ मा राखिएको छ । नान्यदेवले मल्लहरूलाई नेपालबाट धपाए भनी वंशावलीमा ठोकेर भनेको छ तापनि हाम्रो १८ सङ्ख्याको अभिलेखमा उनलाई प्रताप मल्लका पुर्खा बनाइएको छ । उनका उत्तराधिकारीहरूका नाउँ जुन जुन लिखतमा तोकिएका छन्, ती सबै लिखतमा फरक फरक छन् । दशौँ वा अयोध्यावंशको विषयमा पहिला राजा हरिसिंहदेवको समय जर्मनीको प्राच्यविद्यापरिषद्को लेखोट पुस्तकद्वारा निधो भएको छ, त्यहाँ यो ठीक वंशावलीमा जस्तै शकसंवत् १२४५ वा वि. सं. १३-८० दिइएको छ । तर यस वंशका राजाहरूमध्ये केही दशौँ राजवंशका [ आफूले दिएको वंशावलीको सारांशअनुसार एघाह्रौँ राजवंश हुनुपर्नेमा यहाँ पनि दशौँ राजवंश भनी भगवानलाल इन्द्राजी लेख्न पुगेका छन् ।] मल्लहरूको समयका थिए भन्ने कुरा खुद वंशावलीको भनाइबाट स्पष्ट हुन्छ । यसरी श्यामसिंहको शासनको सबभन्दा पछिल्लो समय अर्थात् ने. सं. ५२८ वा वि. सं. १४६५ जयस्थिति मल्लको समयमा पर्छ । जयस्थिति मल्लको सबभन्दा पहिलो समय लेखोट पुस्तकहरूमा वि. सं. १४४२ छ र वंशावलीमा उनको ने. सं. ५१२ वा वि. सं. १४४९ को उत्कीर्णलेखको उल्लेख गरिएको छ । वंशावलीका रचयिताले उत्कीर्णलेखहरू लगातार उद्धृत गरी लेखेको, जयस्थिति मल्लका उत्तराधिकारीहरूको चर्चा भएको वंशावलीको अंश सुद्धा पनि ठूलठूला गलतीबाट मुक्त छैन । उदाहरणको लागि जयस्थिति मल्लका छोरा ज्योतिर् मल्ल ( १९ सङ्ख्याको अभिलेख ) को विषयलाई लिऔँ । वंशावलीमा उनको शासन छुटाइएको छ । अरू विषयमा राजाहरूको क्रम तलमाथि परेको छ र कहिलेकहीँ दिइएका मितिमा चाँडै थाहा पाइने खालका गलती छन् ।

पूरापूर रूपमा प्रयोग गर्न वंशावली ठीक छैन र यसका विभिन्न अंशमध्ये एउटै अंश पनि ज्यादै ठूलठूला गलतीबाट मुक्त छैन भनी माथि गरिएको प्रतिज्ञाको शुद्धताको सत्यतालाई प्रमाणित गर्न यी टिप्पणी मनग्य होलान् । ...

[ वि. सं. १९४१ मा बम्बईबाट प्रकाशित इन्डिअन् यान् टिक्वेरि ( भारतीय प्रत्नतत्त्व ) को १३ भागका ४११-४८२ पृष्ठमा छापिएको भगवानलाल इन्द्राजीद्वारा रचित तथा गेओर्ग ब्यूलरद्वारा सम्पादित *सम् कनसिड्अरेशन्ज् अन् द हिसटरि अफ नेपाल* ( नेपालको इतिहासको विषयमा

---

४. पिशेलको काटालोग् ( सूची ) को ८ पृ; बेन्डलको पूर्वोक्त ग्रन्थको १५ पृ.

केही विचार ) भन्ने निबन्धका ४१७-४१६ पृष्ठबाट यो अंश उल्था गरिएको हो ।]

# २ परिशिष्ट

## पाल्पाली राजा मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको विषयमा विभिन्न ऐतिहासिकहरूको विचार[१]

### १. श्यामलदास

नम्बर ८- अंशु वर्मनका दूसरा ठकुरी खानदान:- ...

११-जयदेवमल्ल, जिसने कांतिपुर और ललितपट्टनमें राज्य किया; इसके छोटे भाई १२-आनन्दमल्लने भक्तपुर ( भदगांव ) बनेपा, पनौती, नाला, धुलीखेल, खंडपू, चौकोट और सांगा नामके आठ शहर बसाये, और भदगांवमें रहना इख्तियार किया. इन दोनों भाइयोंके अहद हुकूमतमें दक्षिणी हिन्दुस्तानके कर्णाटक प्रान्तसे चन्द लोग नयपालमें आये,और इसी समयसे उस देशमें उनका जमाव हुआ.

नम्बर ६- कर्णाटक खानदान:-

१-नान्यदेव, जिसने नयपालका कुल मुल्क जीतकर दूसरे ठकुरी वंशके आखरी राजा जयदेवमल्ल व आनन्दमल्लको तिरहुतकी तरफ भगादिया, और आप राज्यका मालिक बना; २-गंगदेव; ३-नरसिंहदेव; ४- शक्तिदेव; ५- रामसिंहदेव; और ६- हरिदेव, जिसने काठमांडूको अपनी राजधानी बनाया, और पाटन ( ललितपट्टन ) का लश्कर बागी होजानेके समय वहांसे भागकर ठमेलमें पनाह ली. कहते हैं, कि हरिदेवने मगर जातिके एक पुरुषको नौकरीसे बर्तरफ करदिया था. इस अदावतके सबब वह ( मगर ) मुकुन्दसेन नामी एक राजाको काठ-मांडूपर चढालाया, जिसके सिपाहियोंने कई वहांकी पवित्र मूर्तियोंको तोड डाला, और वे मछेन्द्रनाथके मन्दिरमेंसे भैरवकी मूर्तिको उठाकर पाल्पामें लेगये; लेकिन् नयपाल वालोंके एतिकाद और दन्त कथाके अनुसार, जिसको पण्डित भगवानलाल और डॉक्टर बूलरने भी इंडियन एन्टिक्वेरीमें दर्ज कराया है, पशुपतिनाथके कोपसे मुकुन्दसेनका सारा लश्कर हैजेमें आकर तबाह होगया, और वह ( मुकुन्दसेन ) भी योगीके वेषमें निकलकर देवीघाटपर जाकर मरगया.

इसके बाद ७ या ८ वर्षतक नयपालमें लगातार बद इन्तजामी फैलती रही और यह मौका

---

१. मुख्य गरेर आफ्नो सङ्ग्रहमा रहेका पुस्तकहरूबाट मात्र यो परिशिष्ट तयार गरिएकोले यो पूर्ण छ भनी दाबी गर्न सकिँदैन ।

पाकर नवाकोटके बैस ठकुरी खानदान वालोंने मुल्कपर दोवारह काबिज होनेकी तय्यारियां कीं; ललितपट्टनके हरएक टोल ( शहरके मुहल्ले ) में अलह् दह अलहदह राजा बन बैठे, और कान्तिपुर ( काठमांडू ) में एकही समय बारह राजा राज्य करने लगे. भद्गावपर भी ठकुरी वंश वालोंने अपना कवजह जा जमाया[२], ...

( वि. सं. २०३२ मा काठमाडौँ बाट रत्न पुस्तकभण्डारद्वारा प्रकाशित कैलाशको ३ वर्षमा छापिएको थियोडोर रिकार्डी, जूनियरद्वारा सम्पादित श्यामलदासको वीरविनोदको नयपालका इतिहासबाट, सो वर्षका २४३–२४४ पृष्ठबाट )

---

२. भगवानलाल इन्द्राजीले मुकुन्द सेनको हमलाको विषयमा वंशावलीबाट खिँचेको सारांश यस प्रकारको छ–

८. द सेकअन्ड् ठाकुरि डिन्यास्टि अफ् अंशुवर्मन् । . . .

११. जयदेवमल्ल ...इस्टयाब्लिश्ड्, विथ् द हेल्प् अफ् शाखवाल्, द नेवारी ईर् अ बिगिनइङ् ८८० ए. डी. १० यर्ज् ।

ही रूल्ड् ओभर् कान्तिपुर यान्ड् ललितपट्टन, ह्वाइल् हिज् यङ्गर् ब्रद् अर् ,–

१२. आनन्दमल्ल, फाउन्ड्इड् भक्तपुर अर् भात्गाम् यान्ड् द सेभ्न टाउन्ज्, वेणीपुर, पनौती, नाला, धोम्खेल्, खड्पु अर् शड्पु, चौकोट्, यान्ड साङ्गा, यान्ड रिजाइड्इड् इन् भात्गाम् : २५ यर्ज् ।

डयूरिङ् द रेन अफ् द टू ब्रद्अर्ज् केम् फ्रम् द साउथ् द फाउन्ड्अर् अफ् द—

९. कर्णाटक डिन्यास्टि ।

१. नान्यदेव, कन्क्वर्ड् द होल् कन्ट्रि अन् , श्रावण शुदि ७ अफ् नेपालसंवत् ९, अर् शकसंवत् ८११, आई. ई. ८९० ए. डी. यान्ड् ड्रोभ् द टू मल्लज् टु तिर्हुत् । ही रूल्ड् याट् भात्गाम् डयूरिङ् ५० यर्ज् ।

२. गङ्गदेव, सन् अफ् १ ४१ यर्ज् ।

३. नरसिंहदेव, सन् अफ् २ ३१ ”

४. शक्तिदेव, सन् अफ् ३ ३९ यर्ज् ।

५. रामसिंहदेव सन् अफ् ४ ५८ ”.

६. हरिदेव, सन् अफ् ५, ट्रान्स्फर्ड् द क्यापिटल् टु काटमाण्डु । दि आर्मि अफ् पाटन ( ललितपट्टन ) रोज् इन् रेबिलयन् यान्ड् ड्रोभ् हरिदेव टु थाम्भेल् ।

ए मगर् ( लो कास्ट् सर्भन्ट् ) वज् डिस्मिस्ड् फ्रम् किङ् हरिदेव'ज् सर्भिस् यान्ड् इन् रिभेन्ज् ड्यू किङ् मुकुन्दसेन इनटु द कन्ट्रि, ह्विच् वज् कनक्वर्ड् बाइ हिम् । हिज् सोल्जर्ज् डिस्ट्रइड् द सेक्रिड् इमेजइज् यान्ड् टुक् द भैरव फ्रम् द टेम्प्ल् अफ् मत्स्येन्द्रनाथ अवे टु पाल्पा । इन् कन्सिक्वेन्स् अफ् पशुपति'ज् आङ्गर् मुकुन्दसेन'ज् होल् आर्मि डाइड् अफ् कलअर्‌आ। मुकुन्दसेन अलोन् इस्केप्ड् इन् द गाइस अफ् यान् असेट्इक्, यान्ड् डाइड् अन् द देवीघाट् ।

याज् नेपाल् ह्याड बीन् कम्प्लिट्लि डिभास्टइड्, यान् इन्टर्रेग्नस् अफ् सेभन् अर् एट् यर्ज् फलओड् । द वैस् ठाकुरीज् अफ् नवाकोट् केम् ब्याक् टु अक्युपाइ द कन्ट्रि । इन् ललितपट्टन एभ्रि तोल् अर् वार्ड् ह्याड् इट्स् ओन् किङ्, यान्ड इन् कान्तिपुर ट्वेल्भ् किङ्ज् रूल्ड् याट् वन्स् । भात्गाम्. टू, वज् हेल्ड् बाइ ए ठाकुरी किङ् ।

[ वि. सं. १९४१ मा बम्बईबाट प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* ( भारतीय प्रत्नतत्त्व) को १३ भागमा छापिएको भगवानलाल इन्द्राजीद्वारा रचित *सम् कन्सिड्अरेशन्ज् अन् द हिस्टरि अफ् नेपाल्* ( नेपालको इतिहासको विषयमा केही विचार ) भन्ने निबन्ध, सो भागका ४१३-४१४ पृ. ]

[ ८. अंशुवर्माको दोस्रो ठकुरी वंश

११. जयदेव मल्लले शाखवालको मदतले वि. सं. ९३७ देखि शुरू हुने नेवारी संवत् चलाए। राज्यभोगवर्ष १० ।

यिनले कान्तिपुर र ललितपट्टनमा राज्य गर्दा गर्दै यिनका भाइ

१२. आनन्द मल्लले भक्तपुर वा भादगाउँ र ७ शहर– वेणीपुर, पनौती, नाला, धोमखेल, खड्पु वा शड्पु, चौकोट र साँगा– बसाले र भादगाउँमा बसे । राज्यभोगवर्ष २५ ।

ती दाजुभाइको पालामा दक्षिणबाट नवौँ राजवंश कर्णाटकवंशका संस्थापक १. नान्यदेव आए । यिनले नेपालसंवत् ९ वा शकसंवत् ८११ अर्थात् वि. सं. ९४६ श्रावणशुदि ७ मा सबै मुलुक जितेर ती दुवै मल्ललाई तिरहुतमा धपाए । यिनले भादगाउँमा ५० वर्ष राज्य गरे ।

२. १ का छोरा गङ्गदेव । राज्यभोगवर्ष ४१ ।

३. २ का छोरा नरसिंहदेव । राज्यभोगवर्ष ३१ ।

४. ३ का छोरा शक्तिदेव । राज्यभोगवर्ष ३९ ।

५. ४ का छोरा रामसिंहदेव । राज्यभोगवर्ष ५८ ।

६. ५ का छोरा हरिदेवले राजधानी काठमाडौँमा सारे । पाटन (ललितपट्टन) को फौज बागी भयो र यसले हरिदेवलाई ठमेलसम्म लखेट्यो ।

## २. अज्ञातनामा बङ्गाली ऐतिहासिक

वंशावली के मतानुसार ··· अभयमल्ल के जेठे बेटे जयदेवमल्लने कान्तिपुर और ललितपट्टन दोनों का राज्य किया।. नेपाली संवत जयदेव मल्ल ही ने चलाया। उन के छोटे भाई आनन्दमल्ल ने भक्तपुर (भाटगांव) बसा के वहां के सात नगरों का राज किया। इन्हीं दोनों भाइयों के राज्यकाल में दक्षिण की ओर से कर्णाटकवंशीय नान्यदेव ने नैपाल पर चढाई करके भाटगांव को अपनी राजधानी बनाया। नान्यदेव से पराजित होके ठकुरीवंशी मल्ल राजालोग तिरहुत में जा टिके। यह निर्णय कर नहीं कहा जा सकता कि वंशावली की कौन २ सी बातें कहां तक ठीक है। वंशावली में जो समय बतलाया गया सो सो बिलकुल भूल और झूठ है, निःसन्देह उस का कुछ भी विश्वास नहीं। वंशावली के मतानुसार राजा सदाशिवदेव ने कलियुग के ३८५१ वर्ष अर्थात् सन् ६०. ई[३] में पशुपतिनाथजी के मन्दिर की छत को सोने से मढवाया। सदाशिवदेव की आठवीं पीढी में जो जयदेवमल्ल हुए उन ने नैपाली संवत् सन् ८८० ई. में चलाया। नैपाली संवत् ६ में श्रावण शुक्ला ७ को (शाके ८११ वा सन् ८८६ ई. में) नान्यदेव ने सम्पूर्ण नैपाल को अपने आधीन कर लिया।

वंशावली में बताये हुये समय से लगभग दो सौ वर्ष से भी अधिक पीछे सूर्य्यवंशीय नान्यदेव ने नैपाल में चढाई करके वहाँ पर अपना अधिकार जमाया। जान पड़ता है कि वे अयोध्या हो के तब नैपाल में गये होंगे। जर्मन ओरियण्टल सुसाइटी के एक पुस्तकालय में हाथ की लिखी किसी पुस्तक का शेषांश देखने से विद्वान पिसल साहिब को विदित हुआ कि नान्यदेव का आविर्भाबकाल शाके १०१६ (अर्थात् सन १०६७ ई.) है। विख्यात बेण्डल साहिब को भी नैपाल में किसी हाथ के लिखे ग्रंथ के देखने से यही बात ठीक जंची। इन बातों से वंशावली के समय की अप्रमाणिकता सिद्ध होती है। ···

वंशावली का मत है कि नान्यदेव ने भाटगांव को अपनी राजधानी बनाई और उन का अन्तिम वंशज हरिदेव राजधानी को काठमांडू में उठा ले गया। राजा नरसिंह देव ही के समय में ललितपट्टन (पाटना)

---

एकजना मगर (तल्लो जातको नोकर) हरिदेवको नोकरीबाट खोसिएको थियो र साटो फेर्न त्यसले राजा मुकुन्द सेनलाई त्यस मुलुकमा आकर्षित गऱ्यो। त्यो मुलुक मुकुन्द सेनले जिते। उनका सिपाहीले देवताका मूर्ति नष्ट गरे र मत्स्येन्द्रनाथको मन्दिरबाट भैरवको मूर्ति पाल्पा लगे। पशुपतिको कोप भएकोले मुकुन्द सेनको पूरा फौज हैजाले मऱ्यो। मुकुन्द सेन मात्र तपस्वीको भेषमा भागे र देवीघाटमा मरे।

नेपाल पूरै सखाप पारिएकोले सात आठ वर्षसम्म यहाँ गद्दी खाली रह्यो। नुवाकोटका बैस ठकुरीहरू मुलुकमा फेरि अधिकार जमाउन आए। ललितपट्टनमा हरेक टोलको आफ्नै राजा भयो र कान्तिपुरमा एकै समयमा बाह्र राजाले राज्य गरे। भादगाउँमा पनि एकजना ठकुरी राजाले अधिकार जमाए।]

३. कलियुग के ३८५१ वर्ष अर्थात् सन् ७५० ई. हुनुपर्ने।

के मल्लवंशीराजा मल्लदेव और कण्ठमल्ल ने चम्पापुरी बसाई। ललितपट्टन के राजा ने विरोधी होके हरिदेव को काठमांडू से निकाल दिया, उन्हें थम्बल में जाकर टिकना पड़ा। पल्ला के राजा मुकुन्दसेनने नैपाल पर चढ़ाई कर के मत्सेन्द्रनाथ के मन्दिर से भैरव जी की मूर्ति उठवा ली और उसे अपनी राजधानी में भेज दिया। लोग कहते हैं कि पशुपतिनाथ जी के कोप से मुकुन्दसेन की सेना में विशूचिका रोग फैल गया और सब सैनिक मर गये । मुकुन्दसेन योगी के भेष में भागा पर देवी घाट पर वह भी मर गया। इस के पीछे ७८ वर्ष लों नैपाल में कोई राजाही न रहा। नवकोट की वैश्य जाति वाले राजओं ने २२५ वर्ष लों नैपाल का राज्य किया। उन ने अनेक बौद्ध विहार और मन्दिर बनवाये। भाटगांव में उन दिनों ठकुरी वंशी कोई राजा राज करता था। पल्लीनगर ललितपट्टन और कान्तिपुर के आधीन न रहा। वंशावली के मत से नान्यदेव को सन् ८८६ ई. में नैपाल का राज्य मिला और २१६ वर्ष लों हरिदेव के पिछले पांच पुरखे राज करते रहे। वंशावली की ये सब बातें बहुधा झूठ और बनावटी जान पड़ती हैं। वंशावली द्वारा इतिहास की इतनी बात तो सच जान पड़ती है कि नान्यदेव के सन्तानों के समय में ललितपट्टन में मल्लवंश का पूरा २ अधिकार था। पहिले ही कह चुके हैं कि मल्लवंशीय अनन्त (आनन्द) मल्ल हरसिंह देव के समकालीन राजा थे।

( बाँकीपुरबाट खड्गविलास प्रेसद्वारा प्रकाशित सरयूप्रसाद मिश्रले बङ्गालीबाट हिन्दीमा उल्था गरेको *नेपाल का प्राचीन इतिहास*का ६४,६५–६६, ६८ पृष्ठबाट)

### ३. सिल्भाँ लेभी

आधुनिक वंशावलीहरू (राइट र भगवानलालका वंशावली) मा अभय मल्लका जयदेव मल्ल र आनन्द मल्ल भन्ने दुइ छोरा थिए भनी लेखिएको छ। आनन्द मल्ल, भाइचाहिँ, ले आफ्ना दाज्यूलाई काठमाडौँ र पाटनमा राज्य गर्न दिए तथा आफ्नो लागि भादगाउँ र बनेपा, पनौती, नाला, धुलिखेल, खड्पु, चौकोट, साँगा यी सात शहरको स्थापना गरे। यी सबै शहर भादगाउँभन्दा पूर्वपट्टि, नेपाल-खाल्डोको बाहिरपट्टि छन्। नेपालसंवत्को स्थापना गर्ने पनि यिनी नै हुन्। छोटकरीमा भन्ने हो भने यिनको पालामा नान्यदेवले नेपालमा हमला गरे र जिते। उनीभन्दा चार सय वर्षअगाडिको एउटा र दुइ सय वर्षअगाडिको अर्को घटना यस कथामा किन जोडियो भन्ने कारण बुझ्न गाह्रो छ। उनको नाउँको विषयमा पनि गलती गरिएको छ। उनी आफूलाई वास्तवमा अनन्त मल्ल भन्छन। उनका दाजु जयदेव हुन् भन्ने कुरा पनि हामीलाई थाहा छैन। जयदेवले थोरै समय राज्य गरे (बेन्डलको वंशावलीअनुसार २ वर्ष ८ महीना, कर्कप्याट्रिकको वंशावलीअनुसार २ वर्ष ७ महीना)। उनको पालाको एउटा लेखोट पुस्तक ने. सं. ३७७ (वि. सं. १३१४) को छ। त्यस समयमा भैँचालोले गर्दा मुलुकमा कष्ट भयो। वि. सं. १३१२ जेठदेखि शुरू भएको भैँचालो ४ महीनासम्म गइरह्यो। जयभीम-

देवको उल्लेख बेन्डलको सूचीमा मात्र आउँछ । त्यहाँ उनले १३ वर्ष ३ महीना राज्य गरे भनी लेखिएको छ । उनको पालाको एउटा पुस्तक ने. सं. ३८० (वि. सं. १३१६ चैत) को छ । बेन्डलको सूचीअनुसार जगदनेक मल्लका छोरा जयशाह (अथवा शीह) देव दुइ वर्ष ७ महीना राज्य गर्छन् । त्यसपछि राजदेवका छोरा अनन्त मल्ल आउँछन् । उनको जन्म ने. सं. ३६६ मा भएको हो भनी बेन्डलको वंशावलीमा लेखिएको छ । उनको राज्य तीस वर्ष जति रह्यो । (कर्कप्याट्रिकको वंशावली-अनुसार ३३ वर्ष १० महीना, बेन्डलको वंशावलीअनुसार ३२ वर्ष १० महीना वा ३५ वर्ष ११ महीना) । उनको पालाका पुस्तकका समय ने. सं. ३९९, ४००, ४०५, ४०६, ४२२ छन् । ने. सं. ४१७ मा एउटा र कदाचित् अर्कोचाहिँ ने. सं. ४२७ मा पशुपतिलाई केही चढाएको कुरा बेन्डलको वंशावलीमा लेखिएको छ । यी राजाको पालामा ने. सं. ४०८ वा वि. सं. १३४४ मा प्रशस्त खसिया (पश्चिमा जाति) हरू नेपालमा बसाइँ सरे र तिनीहरूले त्यहाँ बसोबास गरे, तीन वर्षपछि ने. सं. ४११ मा तिरहुतबाट आएका निकै परिवारले पनि त्यहाँ बसोबास गरे भनी कर्कप्याट्रिकको वंशावलीमा लेखिएको छ । यहाँ जुन कुरालाई बसाइँ भनिएको छ, त्यो विषय बेन्डलको वंशावलीमा स्पष्टसँग बुझिने तुल्याइएको छ–

"राजा खसिया जयतारिले ने. सं. ४०८ मा, पूस महीनामा देशमा हमला गरे । थुप्रै खसियाहरू मारिए, जो बचे, ती देशबाट फर्के ( वा हटे ), मुलुकमा फेरि शान्ति भयो । त्यही वर्ष फाल्गुनशुक्ल त्रयोदशीमा ( पूसपछि दोस्रो महीनामा ) जयतारि स्पष्टसँगको मित्रभावको मिजास लिएर फर्के, गाउँमा आगो लगाए, स्यँगु ( स्वम्भू ?स्वयम्भू ) को चैत्यको दर्शन गरे, बुग्मा लोकेश्वर ( मत्स्येन्द्रनाथ )को मूर्तिको र पशुपतिको दर्शन गरे । उनी उही र सारसौँदो अवस्थामा आफ्नो राज्य फर्के । तिनताका ने. सं. ४११ माघ महीनामा तिरहुतका ( राजा ) नेपाल पसे ।" आधुनिक वंशावलीहरू धेरथोर उही कथा उही ताकाको मितिमा तर मानिसको नाउँ बदलेर बयान गर्छन् । "हरिदेवको पालामा, तिनै राजाको नोकरीमा रहेको एक जना मगर मन्त्रीहरूको दाउपेचले गर्दा नोकरीबाट निकालियो । त्यो मगर आफ्नो देश फर्क्यो र सुनका छाना र सुनका धारा भएको देश भनेर उसले नेपालको धाक छोड्न थाल्यो । यस बयानबाट कुतकुत्याइएका बहादुर र शक्तिशाली राजा मुकुन्द सेन निकै घोडचढी सिपाहीहरूसँग पश्चिमबाट नेपाल आए र हरिदेवलाई हराए । नेपाली सिपाहीहरूमध्ये केही मारिए र अरू भागे । तीनै राजधानी पूरापूर खलबलिए । सिपाहीहरूको डरले गर्दा दुनियाँहरूले मूला गाडे, धान काटे, थुप्र्याए र धानलाई माटोले छोपे । विजयीहरूले देवताहरूका मूर्ति बिगारे र विरूप पारे र मत्स्येन्द्रनाथको अगाडि राखिएका भैरव आफ्नो मुलुक पाल्पा र बुटवलमा पठाए । जुन दिन मुकुन्द सेन पाटनमा आइपुगे, त्यस दिन पुजारीहरू मत्स्येन्द्रनाथको स्नानयात्रा गरिरहेका थिए । शत्रुहरूलाई देखेर तिनीहरू भागे र देवतालाई डबलीमा छोडे । मत्स्येन्द्रनाथमाथिको सुनौला चँदुवामा राखिएका पाँचवटा नागले

त्यस वेला ती देवताको शिरमा पानीका पाँच फोहरा छोडे। मुकुन्द सेनले श्रद्धाले वशीभूत भएर आफ्नो घोडाको घाँटीको शोभा बढाइरहेको सुनको सिक्री सो मूर्तिमा हुत्याए। मत्स्येन्द्रले यो आफैँले लिए, यसलाई घाँटीमा लगाए। यो त्यस वेलादेखि त्यहीँ रहेको छ। ती राजासँगै खस र मगर जात नेपाल आए। दया नभएका यिनीहरूले ठूलठूला पाप गरे र पशुपतिको दक्षिण मुख (अघोरमूर्ति) ले आफ्नो डरलाग्दो दाँत देखायो र यसले महामारी भन्ने देवता पठायो। यी देवताले एक पक्षमै मुकुन्द सेनका सिपाहीहरूलाई देशबाट सफाचट गरिदिए। संन्यासीको भेष लिएर राजा एक्लै पूर्वतिर भागे, त्यहाँदेखि आफ्नो देशतिर लागे। तर देवीघाट (नयाकोट-निर) पुग्दा उनी मरे। त्यस वेलादेखि खस र मगर यस देशमा आए र त्यस वेलादेखि मानिसहरूले सिन्की र हकुवा चामल बनाउन लागेका हुन।" (राइटको वंशावली)

राजा हरिदेव राइट र भगवानलालको क्रममा नान्यदेवका सबभन्दा पछिल्ला वंशधर हुन्। यिनी कर्णाटवंशका अरू कुनै पनि पुरुतावारीमा देखा पर्दैनन्। मुकुन्द सेनको हमलाको पनि बयान भएको वंशावलीमा यिनलाई रामसिंहदेवको पालामा राखिएको छ (राइट र भगवान-लालका वंशावलीअनुसार हरिदेव रामसिंहदेवका छोरा हुन्)। मुकुन्द सेनको नाउँले पनि सजिलो पार्दैन। ह्यामिल्टनले बटुलेको पाल्पाको वंशावलीमा यति अगाडिसम्मको तिथिमिति दिइएको छैन र इतिहासमा पाल्पाका राजाहरूमध्ये केहीको यही नाउँ छ। तर वंशावलीको त्यस "बनोट" को ठोसपनाको प्रामाणिकता जेसुकै होस्, त्यस बयानका बेहोराको आफ्नै महत्त्व छ; हाम्रो अगाडि त्यस वेलाको नेपाललाई ध्वस्त पार्ने यी हमलाहरूको स्वरूप छ। झट्टमुट्ट र खूप छिट-छिटो हुने यस्ता हमलामा पश्चिम पहाडबाट आएका पाखेहरूको अगाडि सोहमती नेवारहरू अकबक भएर डराउने, प्राणप्रतिष्ठा गरिएका देवताहरूको अगाडि अन्धविश्वासले गर्दा विजेताहरू डराउने, गडबडी, लूट र निर्धा हमलावरहरूलाई आखिरमा दबाउने काम हुन्छ। तिथिमिति शुद्धा पनि थाहा भएका कुरासँग मिल्छन्। स्नानयात्रा चैत्रकृष्ण (पूर्णिमान्तगणनाअनुसार वैशाख-वदि) प्रतिपदामा हुन्छ। यही दिन मुकुन्द सेन पाटन पस्छन्। जयतारि ने. सं. ४०८ मा पूसमा पहिलो हमला गर्छन् र फेरि फागुनमा दोस्रो बाजि हमला गर्छन्। ने. सं. ४४८ फाल्गुनमा आदित्य मल्ल नेपालमा हमला गर्छन्।

खस र मगरको हमलाले टाढाका बिल्लाबाट रोक्यो। यसको साढे चार सय वर्षपछि मात्र पृथ्वी-नारायणले नेपालको विजय गर्दा त्यही बाटोबाट आफ्ना गोर्खालीहरूलाई डोऱ्याउनुपरेको थियो। तिरहुतका राजाको ने. सं. ४११ मा भएको हमलाबाट हुन आँटेको जोखिमको सङ्केत मिल्यो। यसो भए तापनि अनन्त मल्लले बुझेनन्। उनको पालाको कष्टमय समय इतिहासमा अभेद्य-प्राय छ। बेन्डलको वंशावली र लेखोट पुस्तकका पुष्पिकाबाट मात्र केही प्रकाश पर्छ। ने. सं.

४३३ ( वि. सं. १३६६ फागुन ) मा पाटनको एक जना कारिन्दाले मनिगलको विहारमा पुस्तक सार्ने काम सिध्याउँदा राजा जयानन्ददेव छन् । उनका उत्तराधिकारी जयरुद्र मल्ल छन् । उनी जयारि मल्लसँगै "गद्दीमा सहयोगी" ( सम्राज ) छन् । जयरुद्र मल्लका चारजना पत्नी ने. सं. ४४६ आषाढपूर्णिमामा सती जान्छन् । नेपाल भरखरै नयाँ मालिक हरिसिंहदेवको वशमा भएको थियो ।

नान्यदेवका सन्तानहरूले यस शताब्दीको अन्त्यदेखि तिरहुतमा राज्य गरी नै रहे । नेपाल जाने बाटा कब्जा गर्ने क्रममा तिनीहरूले पहाडमा नाउँ मात्रको भए पनि अधिकारको दावी गरे । तिनीहरूको इतिहास त थाहा छैन, तिनीहरूको नाउँको भने सम्झना रहेकै छ । जयस्थितिको पुनःस्थापना ( वि. सं. १४३७ तिर ) पछि मल्लहरूको वंशले स्वदेशी राजाहरूलाई बाहेक गरेर यिनीहरूलाई आफ्ना साँच्चिकै पुर्खा भनेर मान्यो । नान्यदेवको विषयमा लेख्दा सत्रौँ शताब्दीका दुइटा लिखतमा, दुइ जना मल्ल राजाहरूका निजी कृतिमा नान्यदेवदेखि शुरू गरेर यस राज-वंशको पुस्तेवारी दिइएको कुरा मैले पहिल्यै उल्लेख गरिसकेको छु । यही प्रवृत्ति भएका आधुनिक वंशावलीहरूमा यही ढाँचाले न्याय्य अधिकारको हातसारी देखाइएको छ । यस धारणालाई तथ्य-सँग मिल्दो गराउन वास्तव समयलाई उनीहरूले उल्टाउनुपर्ने भयो, हिन्दूहरूलाई यस्तो काम गर्न रत्ती पनि अप्ठ्यारो लाग्दैन । तिरहुतका कर्णाटकका समयका स्वदेशी राजाहरूको समय असीम ढङ्गले पछाडि तानिएका छन् । यस्ता राजाहरूमा सबभन्दा पछिल्ला अनन्त मल्लले नान्यदेवको पालामा भएको कर्णाटकहरूको हमलाको अगाडि स्थायी सम्झना छोडेका थिए । वास्तव रूपको कपटमय संयोगबाट अनन्त ( आनन्द ) मल्ल र नान्यदेवलाई नेपालसंवत्को उत्पत्ति वि. सं. ९३६ तिर ल्याउन मिलेको छ । मैले चाँडै नै परीक्षा गरिहाल्नुपर्ने परम्पराले हरिसिंहदेवको आक्रमण शकसंवत् १२४५ वा ने. सं. ४४४ ( वि. सं. १३८० ) मा ठेगान लाएको छ । यस नयाँ पद्धतिअनुसार नान्यदेवले शकसंवत् ८११ मा नेपालमा हमला गरे । यसको परिणामस्वरूप नान्य-देव र हरिसिंहदेवको बीचमा ४३४ वर्षको अन्तर छ । यस अन्तरमा आधुनिक वंशावलीहरूमा नान्यदेवका पाँच जना उत्तराधिकारीहरूलाई राखिएको छ । तिनीहरूमध्ये सबभन्दा पछिल्ला ( हरि-देव वा रामसिंहदेव ) को पालामा मुकुन्द सेनको मातहतमा भएको खसहरूको हमलाबाट नेपालको न्याय्य राजवंश परास्त हुन्छ । नेपाल छ सात वर्ष अराजकतामा सङ्घर्ष गर्छ । ज्यादै धेरै परिमाणमा टुक्रिएको सामन्तवादले मुलुकमा अधिकार जमाउँछ । पाटनमा हरेक टोलमा आफ्नै राजा थिए । काठमाडौँ बाह्र राजाहरूमा बाँडिएको थियो । भादगाउँमा ठकुरी राजा थिए । यो शासन २२५ वर्ष रहन्छ ।

[ वि. सं. १९६५ मा पेरिसबाट अनेस्त लेरोद्वारा प्रकाशित, सिल्भाँ लेभीको *ले नेपाल् एतूईद ईसत्वरीक द 'अन् र्‍यायोम् एँदू* ( हिन्दु अधिराज्य नेपालको इतिहासको परिशीलन ) को दोस्रो भागको

२१५-२२० पृष्ठमा यो अंश परेको छ। केसरपुस्तकालयमा ८८६ सङ्ख्यामा ले नेपाल्को टाइप गरिएको अङ्ग्रेजी अनुवाद छ। त्यसको दोस्रो भागका २४३-२५० पृष्ठबाट यो अनुवाद गरिएको हो। यस उद्धरणमा जम्मा ३ वटा टिप्पणी छन्, ती यहाँ छोडिएका छन्। लेभीको पुस्तकमा ई. सं., महीना, तारीख दिइएकामा यहाँ वि. सं., महीना मात्र दिइएका छन्, गते दिइएका छैनन्।]

## ४. अम्बिकाप्रसाद उपाध्याय

वामदेवको राज्यसमयमा काठमाण्डु आदि यहाँका राज्य हरूलाई निर्बल ठानेर सिमरोन गढको जग बसाल्ने नान्यदेव ले पनी नेपालमा आक्रमण गरेर सिमरोन गढ्मा आफ्नो राजधानी कायम गरी उहींबाट मिथिलाको केही अंशमा समेत शासन गर्ने गरेका थिए। वामदेव पछि हर्ष-देव र उनी पछि सदाशिवदेव काठमाण्डुका राजा भए। इनै सदाशिवदेवले आफ्नो समयमा काठमाण्डुका दक्षिण-पश्चिममा कीर्तिपुर नगर बसाएको हो। फलामे र ताँबाका पैसाको चलन पनी इनै सदाशिवका पालादेखि चलन थाल्यो। इनी पछि मानदेव, नरसिंहदेव, नन्ददेव, रुद्रदेव, मित्र वा अमृतदेव ई पाँच राजाले नेपालमा राज्य गरे। तिनीहरू पछि अरिदेव मल्लको यहाँ रजाईं चल्यो (भयो)। इनी मल्लयुद्धका खूब व्यसनी थिए। यसै कारण इन्ले आफ्ना पुत्रको नाम पनी अभयमल्ल भन्ने राखेको थियो। अभयमल्लका जयदेवमल्ल र अनन्तमल्ल नामक दुई पुत्र भए। अभयमल्लको अर्को नाम मल्लदेव पनी थियो। इनै अभय मल्लको समयदेखि नेपालमा राजा हरूको नामका पछाडि 'मल्ल' शब्द जोडिन लाग्यो। अभय मल्लले आफ्ना दुवै पुत्रलाई आफ्नो आधा आधा राज्य बाँडी दिएको थियो। उनमा ज्येठा जयदेव मल्ल ललितपट्टनको र कान्छा अनन्त मल्ल भादगाउँको राज्य गर्दथे।

ईसाको एघारौं शताब्दीको अन्त्यमा कर्णाटकका महाराज रामदेव का उपर गोरीको आक्रमण भएको थियो। त्यस वेला उनी देवगढमा * बस्तथे। उनले अकस्मात् आइपरेको गोरीको आक्रमण-लाई छुटाउनका निमित्त यथासाध्य यत्न गरे, तर उनको सारा प्रयत्न व्यर्थ भयो ( उनले अकस्मात् गोरीले आक्रमण गरेको देखी आफ्नु रक्षा गर्ने उपाय यथासाध्य गरे, तर उनको प्रयत्न निष्फल भयो।) आखिरमा लाचार भएर उनले आफ्नो परिवार समेत उठाई देवगढबाट भाग्नु पर्‍यो। उनी वहाँबाट कलिङ्ग र वङ्गदेशलाई उल्लङ्घन गर्दै पटनामा आएर बस्न लागे, उहीं उनको देहान्त पनी भयो। केही दिन पछि उनका पुत्र राजकुमार नान्यदेव पनी आपना सारा परिजनलाई लिएर पटनाबाट निस्के। उनलाई अरू अरू ठाउमा बस्ने तजबीज कहीँ मिल्न शकेन ( उनलाई अरू अरू ठाउँमा बस्ने अनुकूल न पर्दा ) आखिर उनले सपरिजन नेपाल तराई तिरको बाटो लिए। मिथिलाको समीपवर्ती मुजफ्फरपुर जिल्लाको कोइलि भन्ने गाउँदेखि केही अगाडी पुगेपछि उनको

दौड पूरा भयो ( टाढा पुगे पछी उनले उहीं बस्ने निश्चय गरे । ) उनीले त्यहीं शाके १०१६ अर्थात् सं. १०८१ मा सिमरोन गढ ॐ नाम गरेको नगर बसाई त्यसैलाई राजधानी तुल्याएर समीपमा रहेको मिथिला र केही केही नेपालको तराईमा समेत आफ्नो अधिकार फैलाउन लागे। यो उही काठमाण्डुका राजा वामदेवको राज्य समय हो। यस प्रकार सँग राजा नान्यदेवले सिमरोन गढ्मा ३७ वर्ष सम्म राज्य गरे।

राजा नान्यदेव का पछि नरसिंहदेवको ५२ वर्ष रामसिहदेव को ८६ वर्ष र शक्रसिंहदेवको १६ वर्ष सम्म मिथिला र तराई को केही अंशमा राज्य रह्यो। ई राजा हरूको कीर्त्ति अझसम्म पनि मिथिलाका प्रदेशहरूमा चल्दैछ। शक्रसिंहदेवका शेष पछि सन् १३०४ मा हरिसिंहदेवले सिमरोन गढ्को राज्यसिंहासनलाई अलंकृत गराए। इनले नेहरा भन्ने गाउँ नेर एक सुन्दर राजभवन बनाएका थिये। यो नेहरा गाउँ परगन्ना परिहार पुर राघोमा छ। इनी ( हरिसिंहदेव ) बड़ा धर्मात्मा थिए। इनका दरबारमा विद्वान्हरूको ठूलो आदर-सत्कार हुन्थ्यो। मिथिलामा पहिले पात्राको सृष्टि गर्ने पनी इनै हुन्, इनका शासन कालमा दिल्लीको बादशाही पदले गियासुद्दीन तुगलकलाई सुशोभित गराएको थियो। इनै ताक उसको ( गियासुद्दीनको ) मनमा चीन विजय गर्नाका निमित्त निजसैन्यलाई नेपालको बाटोगरी पठाउने विचार उठ्यो। यसै कारण उसले सन् १३२४ मा बंगालको बागी सुबेदारलाई जितेर फर्कदा मिथिलामा पुगी सिमरोन गढ्मा आक्रमण समेत गर्‍यो। त्यस बेला मा आक्रमणकारीहरूलाई हटाउनाका निम्ती राजा हरिसिंहदेवले यथाशक्य यत्नगरे, इनले चीनका राजालाई अनेक उपहार हरू पठाएका थिए। त्यसका बदलामा ( सट्टामा ) चीनका राजाले पनी इनलाई मोहर उपहार गरी ( उपहार ) पठाए। . . .

चौद्धौं शताब्दीको प्रारम्भमा नेपाल अनेक सानातिना राज्यमा बाँडिएको थियो। राजा जयरुद्र-मल्लको मृत्यु भएपछि कान्तिपुर ( काठमाण्डु ) मा अरू अरू राजाहरू हात फैलाउन लागेका थिए। ती राजाहरू मध्ये पाल्पाका राजा मुकुन्द्सेनको पनी काठमाण्डुका माथी (काठमाण्डु माथी)लालसा-पूर्ण दृष्टि थियो। इनले एकपटक मगरहरूको सेना लिएर पाटनमा पनी आक्रमण गरेका थिए। त्यसै बेला मत्स्येन्द्रनाथको देवलका अगाडीको भैरवको मूर्ति पनी इनले पाटनबाट उठाएर आफ्नो राज्य पाल्पामा पुर्‍याएको थियो। राइट् साहेबले अनुवाद गरेको वंशावली १७०-१७१ पृष्ठमा लेखिएको छ कि राजा हरिसिंहदेवका समयमा पाटनका मन्त्री, प्रजा र सैन्य समेत बागी भएर वहाँ ठूलो गोलमाल उठेको थियो। त्यो उपद्रव शान्त गर्नाका निमित्त राजा हरिसिंह आफ्ना मंत्री र सैन्य साथमा लिएर वहाँ गएका थिए। तर उनलाई पाटनेहरूले वहाँ टिक्नै नदिई लखेट्तै लगेर ठत्रहिल सम्म पुर्‍याए इत्यादि।

इनै राजा हरिसिंहदेवका समयमा एउटा मगर उनका दरबारमा नौकरी गर्दथ्यो। त्यस-

लाई पाल्पाली राजा मुकुन्दसेनको फौजका मगरहरूको सजातीय सम्झेर यसले हामीहरूलाई समेत धोखा देला भन्ने शंका लिई हरिसिंहदेवका मन्त्रीले दरबारबाट निकालीदिए । दरबारबाट निकालिएपछि त्यो मगर सरासर आफ्नो घर गयो । त्यसलाई देखेर वहाँका मानीसहरूले नेपालको नौकरी किन छोडेर आइस् भन्ने इत्यादि धेरै कुरा सोधे । त्यसको जवाबमा त्यस मगरले आफ्नो हाल र नेपालमा सूनैसूनका छाना छन्, धारा-पनालाहरूको लेखै छैन भन्ने इत्यादि नेपालको बयान समेत उनीहरूलाई सुनायो । त्यो कुरा एक कान दुई कान गर्दै राजा मुकुन्दसेनका कानसम्म पुग्यो । त्यो सुनेर साहसी राजा मुकुन्दसेनले उसै बेला केही रिसल्ला को फौज लिएर नेपाल तर्फ प्रस्थान गरे । काठमाण्डुमा आइपुगेपछि उनको राजा हरिसिंहदेवसंग ठूलो युद्ध भयो । त्यस युद्धमा नेपालका केही मानिस मारिए, कोही भागे । यो खबर पाएर पाटन भादगाउँमा समेत ठूलो खलबली मच्चियो । पाटनका नागरिकहरूले भयभीतभै आफ्ना खेतीको मूला खेतबाट उखेलेर जमीनमा लुकाए । कीर्तिपुर तरफको धानबाली पनी हत्तपत्त काँचैमा काटिई कुन्यूमै सडेर ठर्ने गरी माटाले पुरियो । विद्रोहीहरूले ठाउँठाउँमा जथाभावी पसेर देवताका मूर्ति समेत भाँचकुँच गरिदिए । राजा मुकुन्दसेनको आज्ञानुसार मत्स्येन्द्रनाथको मन्दिर अगाडीको भैरवमूर्ति उखेली पाल्पाको अम्बल बुटवल ज़िल्लामा दाखिल गराइयो । यस प्रकारसँग नेपालमा आएर पाल्पाली-राजा मुकुन्दसेनले ठूलो उपद्रव मचाएका हुन् । इनी न आउन्जेलसम्म नेपालमा खस, मगरहरूको नाम-गोत पनी थिएन । इनै राजा मुकुन्दसेनका साथमा उनीहरूबाट नेपालमा ठूलो अत्याचार भई प्रजाहरू-लाई असह्य विपत् पर्न लाग्यो । हुँदाहुँदा यो अत्याचार देवताहरूले पनी सहन शकेनन् । आखीर यही उपद्रवको शान्तिका निमित्त हो कि भनेझैं गरी सहसा पशुपतिनाथको अघोर मूर्तिमा दाह्रा निस्केर मुकुन्दसेनका सैन्यमा महामारीको प्रकोप उठ्यो । त्यसले गर्दा नेपालमा उत्रेका सारा खस मगर गल्लीमा सोतर भए । यो देखेर राजा मुकुन्दसेनका चित्तले पनी हरेस खायो । अन्त्यमा उनी पनी संन्यासीको भेष लिएर नेपालबाट पूर्व तर्फ लागे । उतैतिरबाट आफ्नो घर पाल्पा फर्कँदा देवी-घाटमा पुगेपछि उनको जीवनले पनी सदाका निमित्त आराम लियो । यस-प्रकारसँग पाल्पालीको उपद्रव शान्त भएपछि नेपाल केही दिनका निमित्त सुखमय बनी रह्यो । कीर्तिपुरे, पाटनेहरू पनी विपत्समयमा आफूले लुकाएर राखेको धान र मूलालाई हकुवा र सिन्कीको रूपमा परिणत भएको पाएर खुशीसाथ खान लागे । त्यसै बेलादेखि नेपालमा हकुवा र सिन्की बनाएर खाने चाल चल्यो ।

ई सब माथी लेखिएका कुराबाट मुकुन्दसेन खस मगरहरूका राजा थिए भन्ने र उनले हरिसिंहदेवको पालामा नेपाल हानेको रहेछ भन्ने कुरा स्पष्ट जाहेर हुन्छ । फेरी अघिदेखि पाल्पाली राजाको नामका पछाडी "सेन" शब्द जोडिएर आएको हुनाले ई मुकुन्दसेन पनी पाल्पैका

राजा हुन् भन्ने अनुमान गर्न शकिन्छ । ई सेन अर्थात् पाल्पाली राजाहरू आफूलाई हामी चित्तौरका राजा रत्नसेनका वंशज होउँ भनी भन्थे । उनीहरूको वंशावलीमा राजा धर्मपालसेनका सातौं पिढीमा कोही मुकुन्दसेन नामक राजा भएथे भन्ने पनी लेखेको देखिन्छ । राजा हरिसिंहदेवको शासनकाल र दिल्लीका तुगलकहरूको समय एकै थियो । यस भन्दा पुगनपुग तीस वर्ष अगाड़ी अलाउद्दीन खिलजीले चित्तौरमा चढाई गरेको हो । परन्तु यति थोरै समयमा चित्तौरबाट नेपाल तराई पुगी खस मगरहरूलाई जितेर पाल्पामा एक शक्तिशाली राज्य स्थापना गरी नेपाल जस्तो प्राचीन राज्यमा समेत आक्रमण गर्न पुग्नु यो असम्भव नभए पनि दुःसाध्य कुरा प्रतीत हुन्छ । विचार गर्दा ई सेनहरू कि ता पडरौनाका मल्लवंशी सेनहरूका एक शाखा हुनु पर्दछ । कि ता बङ्गालबाट पाल राजाहरूलाई विहार तर्फ पठाउने बंगाली सेन राजाहरूका कोही वंशज हुनु पर्दछ । तर जो होस् चौद्धौं शताब्दीको प्रारम्भमा सेन राजा हरूको पाल्पामा प्रबल राज्य थियो भन्ने कुरा अवश्य माननीय छ ।

※ देवगढ़का राजाको नाम रामदेव थियो । तिनी यादववंशी थिये । यही वंशमा नान्यदेव जन्मे थे । पछि उनका वंशधर हरूले भ्रमका वशमा परी आफुलाई सूर्यवंशी रामचन्द्रजी का वंशका हौं भनी ठाने ।

※ सिमरौन गढका राजभवनको सिंहद्वारमा यो श्लोक एक पत्थर मा कुँधिये को पाइयो:-

नन्देन्दुबिन्दुविधुसम्मितशाकवर्षेतच्छ्रावणे सितदले मुनिसिद्धतिथ्याम् ।<br>स्वातीशनैश्चरयुते करिवैरिलग्ने तन्नान्यदेवनृपतिर्विदधीत वास्तुम् ॥

( वि. सं. १९७९ मा बनारसबाट देवीप्रसाद उपाध्यायद्वारा प्रकाशित अम्बिकाप्रसाद उपाध्यायको नेपालको इतिहास १ संस्करणका ३०-३३, ६५-६९ पृ., वि. सं. १९८६ मा देवीप्रसाद उपाध्यायद्वारा प्रकाशित अम्बिकाप्रसाद उपाध्यायको नेपालको इतिहास २ संस्करणका ३०-३२, ६७-६९ पृ. तथा वि. सं. २००४ मा पटनाबाट राजेश्वरीप्रसाद उपाध्यायद्वारा प्रकाशित अम्बिकाप्रसाद उपाध्यायको नेपालको इतिहास ३ संस्करणका ३०-३३, ६६-६९ पृष्ठबाट । कोष्ठमा दिइएका जति दोस्रो तथा तेस्रो संस्करणमा परेका अन्तर हुन् ।)

## ५. पर्सिभल ल्यान्डन

इन द यर् ८८६, नाइन् यर्ज् आफ्टर् दि इशट्याब्लिश्मेन्ट् अफ् द नेपाल् ईर्अ, नान्य (अर् नन्द्) देव फ्रम् द साउथ् कर्नाटिक् कन्ट्रि इज् सेड् इन् द वम्शावली टु ह्याभ् इन्ट्र्-डयुश्ड् द शक ईर्अ यान्ड् टु ह्याभ् एक्स्पेल्ड् द "मल्ल राजा।" याट् द क्लोज् अफ् द टेन्थ् सेन्चुरइ टू मल्ल चीफ्टेन्ज् फाउन्ड्इड् द भिलेज् चम्पागाओँ, ह्विच् स्टिल् एक्स्जिस्ट्स् इन् द साउथ् अफ् द भ्यालइ। टुवार्ड्ज् द मिड्ल् अफ् द थर्टीन्थ् सेन्चुरइ द मल्लज् आर् फाउन्ड् इस्टयाब्लिश्ड् बोथ् काट्मान्डु यान्ड् पाटन्, यान्ड् द स्टर्इ अफ् द फाउन्डेशन् अफ् भात्गाओँ बाइ आनन्द मल्ल याट् दिस् टाइम् इज् कमन्लि याक्सेप्ट्इड् बाइ द नेपालिज्।[१]

अकर्ड्इङ् टु सम् सडअर्न् हिस्टोर्इअन्ज् अरि देव मल्ल रेन्ड् याट् द बिगिन्इङ् अफ् द थर्टीन्थ् सेन्चुरइ, यान्ड् वज् सक्सीडइड् बाइ अभय मल्ल, हूज् टू सन्ज्, जय देव मल्ल यान्ड् आनन्द मल्ल, डिभाइड्इड् द रइअल् इन्हेर्इटयान्स्। द फर्मर् रिटेन्ड् काट्मान्डु यान्ड् पाटन्; द ल्याटअर् फाउन्डइड् भात्गाओँ यान्ड् क्रिएटइड् सेभ्अर्अल् न्यू टाउन्ज् आउट्साइड् द भ्यालइ टु द ईस्ट्। याज् ए म्याट्अर् अफ् फ्याक्ट, दिस् म्यान्'ज् नेम् वज् अनन्त, यान्ड् ही ह्याड् नाइदर् पाट् नर् लट् इन् द फाउन्डेशन् अफ् भात्गाओँ, अर् इन् दि इस्टयाब्लिशमेन्ट् अफ् द न्यू नेपालिज् ईर्अ ह्विच् ह्याज् अल्सो बीन् क्रेडिट्इड् टु हिम्। इट् इज् अल्सो डाउट्फल् ह्विद्अर् जय देव वज् हिज् ब्रद्अर्।

मुकुन्द देव वज् द नेक्स्ट् टु ओभर्रन् द भ्यालइ, यान्ड् वज् अकम्पनाइड् बाइ द खस् यान्ड् द मगर्ज्। दिस् वज् बट् ए ब्रीफ् टाइअम्फ्, यान्ड् नेपाल् इमर्ज्ड् अगेन्-ओन्लि टु फाल् वन्स् मोर्, यान्ड् दिस् टाइम् टु ए डिसेन्डयान्ट् अफ् यान् अर्लिअर् कङ्करर्। इन् १३२६ हरि सिङ्घ्देव अफ् तिरहूत् माउन्टइड् द थ्रोन्। यान् अफ्शूट् अफ् द कर्नाटिक् डिन्यासटि, यान्ड् लङ् इशटयाब्लिश्ड् याट् सिम्राओन् अन् द फ्रन्टयर् ही फ्लेड् फ्रम् घेयास्-उद्-दिन् तुघ्लक् इन्टु द हिल्ज्, यान्ड् देर् विद्आउट् डिफ्इकल्टि रिक्याप्चर्ड् ए न्यू किङ्डम्। भात्गाओँ सरेन्डर्ड् टु हिम् विद्आउट् ए स्ट्रग्ल्। देन्, २२७ यर्ज् आफ्टर् देर् क्वान्क्वर् बाइ हिज् यान्सिस्टर् यान्ड् प्रीडिसेस्अर्, नान्य देव, पाटन् यान्ड् काट्मान्डु अल्सो फेल् इन्टु हिज् ह्यान्ड्ज्।

१. बट् भात्गाओँ ह्याड् लङ् बीन् ए फ्लरिशइङ् राइभल् टु द ओल्ड् क्यापिटल् अफ् पाटन्। इट् वज् प्रबअब्लि फाउन्डइड् अबाउट् द यर् ८६५।

( वि. सं. १६८५ मा लन्डनबाट कन्स्टैब्लद्वारा प्रकाशित पर्सिभल ल्यान्डनको नेपाल् १ भागका ३३-३४, ३६-३७ पृष्ठबाट )

[ नेपालसंवत्‌को स्थापना भएको ६ वर्षपछि वि. सं. ६४६ मा दक्षिण कर्णाटक देशबाट नान्य (वा नन्द ) देवले शाके संवत् चलनचलतीमा ल्याएको र "मल्ल राजाहरू" लाई निकालेको भनी वंशावलीमा भनिएको छ । विक्रमको एघाह्रौँ शताब्दीको मध्यमा दुइजना मल्ल सरदारहरूले चम्पागाउँ बसाले, यो अझै नेपालखाल्डोको दक्षिणमा छँदैछ । विक्रमको तेह्रौँ शताब्दीको अन्त्यतिर मल्लहरू काठमाडौँ पाटन दुवै ठाउँमा जमिसकेका देखिन्छन् र यसै समयमा आनन्द मल्लले भादगाउँको स्थापना गरेको कथा नेपालीहरूले साधारण रूपले स्वीकार गरेका छन् । [1]

केही आधुनिक ऐतिहासिकहरूअनुसार अरिदेव मल्लले विक्रमको तेह्रौँ शताब्दीको उत्तरार्धमा राज्य गरे र उनीपछि अभय मल्ल राजा भए, यिनका दुइ छोरा जयदेव मल्ल र आनन्द मल्लले राज्य बाँडे । जयदेव मल्लले काठमाडौँ र पाटनमा अधिकार राखे, आनन्द मल्लले भादगाउँको स्थापना गरे र नेपालखाल्डोभन्दा बाहिर पूर्वपट्टि केही नयाँ शहर बनाए । वास्तवमा यिनको नाउँ अनन्त हो र भादगाउँको स्थापनामा वा यिनले चलाएको भनी भनिने गरेको नयाँ नेपाली संवत् चलाउनमा यिनको कुनै हात छैन । जयदेव मल्ल यिनका भाइ हुन् भन्ने कुरामा पनि शङ्कै छ ।

मुकुन्द देव नेपालखाल्डोमा अधिकार गर्नेहरूमा दोस्रा थिए र उनीसँगै खस र मगर आएका थिए । यो खालि थोरै समयको विजय थियो र नेपाल–फेरि एकपल्ट, यस पटक एकजना पहिले जित्नेका सन्तानद्वारा नष्ट हुन–उन्यो । वि. सं. १३८२ मा तिरहुतका हरिसिंहदेवले गादी चढे । कर्णाटकवंशमा जन्मेका र नेपालको सिमानामा सिमराओनमा धेरै समयदेखि जमेर रहेका यिनी घेयास–उद्–दीनको हमलाबाट पहाडतिर भागे र त्यहाँ यिनले विना कष्टसँग एउटा नयाँ राज्यमा फेरि अधिकार जमाए । लडाइँ नै नगरी भादगाउँलेहरूले भादगाउँमा आफ्नो दाबी छोडे । त्यसपछि, आफ्ना पुर्खा र पूर्वाधिकारी नान्यदेवले भादगाउँमा दखल जमाएको २२७ वर्षपछि उनको हातमा पाटन र काठमाडौँ पनि आए ।

१. तर भादगाउँ पुरानो राजधानी पाटनको समृद्ध प्रतिद्वन्द्वी भएर धेरै पहिलेदेखि थियो । यसको स्थापना शायद वि. सं. ६९२ तिर भएको हो । ]

( बाँकी ४६ अङ्कमा )

## शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध | पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|---|---|---|---|
| प. शि. ४ | ११ | १३–८० | १३८० | प. शि. ४ | २७ | ४८२ | ४२८ |

# सह्माल्छु विस्तार म चित्तलाई

-नयराज पन्त

लागेन निद्रा, मनमा विचार
उर्लीरहेछन्, तर भित्र सार ।
हुँदैन केही तिनको, त्यसैले
बेपर्वाँकमा बित्तछ काल ऐले ।।१।।
कुनै कुरामा स्थिर हुन्न चित्त,
गल्लीघुमन्ते टुहुरो अनाथ ।
जस्तै भई चित्त घुमीरहेछ,
अली अली माथ दुखीरहेछ ।।२।।
गम्भीर चिन्ता मनभित्र आओस्,
शास्त्रीय क्यै वस्तु खुला गराओस् ।
भनी म चाहन्छु, हुँदैन त्यस्तो,
कसो कसो हुन्छ अशान्ति जस्तो ।।३।।
बत्ती निभाई जब सुत्न खोज्छु,
धेरै पुराना घटना म देख्छु ।
हाँस्तै प्रिया आउँदछिन् समीप,
क्यै बेरमै आउँछ विप्रलम्भ ।।४।।
अशान्ति त्यल्ले अझ भित्र बढ्छ,
लाग्दैन निद्रा, अझ कष्ट हुन्छ ।
सम्झन्छु सीतापति रामलाई,
सह्माल्छु विस्तार म चित्तलाई ।।५।।

२०२८।४।१७।२

# दाँत

-नयराज पन्त

यौटै जस्तो भै गिजामा मिलेर
टुक्रा टुक्रा खाद्यलाई गरेर ।
जैलेसम्मन् काम दिन्थिस् मलाई,
तैलेसम्मन् प्रेम गर्थें तँलाई ।।१।।
केही भित्रै भै गिजालाइ बाधा
पारी पारी पिर्न लागिस् तँ ज्यादा ।
पैले जस्तै होस् दुवैमा मिलाप
भन्दै मैले ता गरें यत्न खूप ।।२।।
मेरा जम्मै यत्न सित्तै गए नि,
उल्टो झन् झन् वैर बढ्दै गयो नि ।
पारिस् बाधा दाँत अत्यन्त तैंले,
फाल्नैपर्ने भो तँलाई त मैले ।।३।।
मेरो साम्ने भूइँमा छस् तँ ऐले,
मेरो नै होस् किन्तु फालें नि मैले ।
तेरो जम्मै शक्ति स्वाट्टै हरायो,
थोते बन्ने काल मेरो उदायो ।।४।।

मेरो देब्रेपट्टिको एउटा बङ्गारा २०२६।२।२४ का दिन फुक्लेको हो । यसभन्दा अरु दाँत अहिले ५६ वर्ष हुन्ज्यालसम्म साबूत छन् ।

२०२६।२।२४।६

सूचना- पाल्पाली राजा मुकुन्द सेनको नेपालखाल्डोमा हमलाको प्रमाणवाक्य मूलमा स्पष्ट छ । हामीसँग रहेको तसवीरमा पनि स्पष्ट छ । यहाँ चित्रमा शिल्पीको कमजोरीले केही अस्पष्ट भएको छ ।

पूर्णिमा ( इतिहास-प्रधान त्रैमासिक पत्रिका )        का. मे. अ. द. नं. १५५/२४६

कार्यालय-
संशोधन-मण्डल
१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०३७ ज्येष्ठ

यस अङ्कको मूल्य रु. ८।

मुद्रक-
लुम्ब प्रेस
पुलचोक, ललितपुर, नेपाल